गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को त्रैमासिक प्रकाशन

# Global Nepali

NRN Non-Resident Nepali Association

For Nepali By Nepali

यस अंकमा


- आवरणः बढ्यो परोपकारी मन १–२
- टिप्पणीः कल्याणकारी समाज, कल्याणकारी राज्य ३
  *–रवीन्द्र मिश्र*
- विचारः हिसाब-किताब गर्ने बेला भएको छैन ४
  *–आनी छोइन डोल्मा*
- विशेष अन्तर्वार्ता दोस्रो पुस्ताको पहिचान जोगाउँदा मात्रै धेरै लगानी भित्रिन्छ ५
  *–भीम उदास*
- रिपोर्ट लगानीः महतो र घलेको लगानी थपिंदै ६–७
- गतिविधि ८–१०
- परोपकारी परियोजना ११
- चिनारीः १२


Issue 12, September - November, 2012

अंक १२, असोज-मंसीर, २०६९

# बढ्दै परोपकारी मन




मोरङ घर भएका नारायणराज सुवेदी, ६७ लाई बुढेसकालले छोप्दै जाँदा सहाराको चिन्ता पनि थपिंदै थियो । तर, जब उहाँ चितवनको भरतपुर नगरपालिका- १ स्थित देवघाट एनआरएन बृद्धाश्रम पुग्नुभयो, सबै चिन्ता आफैं हटेर गए। अहिले आफूले घरको भन्दा पनि राम्रो सहारा र रेखदेख पाएको उहाँ सुनाउनुहुन्छ । देवघाटमा रहेको एनआरएन बृद्धाश्रम सुवेदी जस्ता बुढेसकालमा सहाराविहीनहरूका लागि भरपर्दो आश्रयस्थल बनेको छ । कालीगण्डकी, त्रिशूली लगायत सप्तगण्डकी नदीहरूको संगमस्थल भएकाले धार्मिक मान्यता अनुसार पनि देवघाटमा बुढेसकाल बिताउन पाउनु अहोभाग्य रहेको त्यहाँ आश्रित बृद्धबृद्धाहरूको विश्वास छ ।

गैरआवासीय नेपाली संघ (एनआरएन) को सहयोगमा २५ कोठामा ६० शैयाको सुविधासम्पन्न बृद्धाश्रम भवन निर्माण भएपछि बुढेसकालमा सहारा खोज्नेहरूलाई देवघाटमा आश्रय प्राप्त भएको छ। सञ्चालक समिति संयोजक-भेजराज भण्डारीले बृद्धाश्रममा आउने सबै बृद्धबृद्धा खुसी रहेको बताउनुभयो । उहाँले बृद्धहरूका लागि दूधको आवश्यकता पूरा गर्न आफैं गाईपालन, खानेपानीका लागि छुट्टै परियोजना सञ्चालन, सत्संग, भजन-कीर्तनका लागि छुट्टै भवन निर्माण, दैनिक स्नानका लागि तातो–चिसो पानीको अलग्गै व्यवस्था लगायतका सुविधा पनि बृद्धाश्रमले उपलब्ध गराएको जानकारी दिनुभयो ।

एक जनाको वार्षिक खर्च ४५ हजार लाग्ने गरेको छ । ६५ वर्ष उमेर पुगेका बृद्धबृद्धाले आश्रय पाउने बृद्धाश्रम भवनमा तला थप गरी आवासीय क्षमता बढाउने, बृद्धाश्रम परिसरमा स्वास्थ्य केन्द्र निर्माण गर्ने लगायतका लक्ष्य व्यवस्थापनको छ । बृद्धाश्रममा बस्न चाहने तथा सहयोग गर्न चाहनेले साधारण र विषेशगरी दुई किसिमले सहयोग पुऱ्याउन सक्छन् । एकमुष्ट साधारण आजीवन सहयोग गर्नेले २ लाख र विषेश सहयोग गर्नेले २ लाख ५० हजार रुपैयाँ तिर्नुपर्ने प्रावधान रहेको छ। बृद्धाश्रमले साहारा र धेरै सुविधा दिए पनि व्यवस्थित गर्न अझै बाँकी रहेको ६७ वर्षीय बृद्ध सुवेदीले बताउनुभयो ।



विभिन्न मुलुकमा बसोबास गरेर रोजगारी तथा आफ्नै उद्यम चलाउँदै आएका गैरआवासीय नेपालीका परोपकारी हातहरूले एकजुट भएर सहयोग गरेपछि निर्माण भएको देवघाट एनआरएन बृद्धाश्रम एउटा नमूना मात्र हो। १५ अक्टुबर २०११ देखि ३१ अक्टुबर २०१२ सम्ममा देशका विभिन्न भू-भागमा परोपकार कार्यका लागि गैरआवासीय नेपालीहरूले ७ करोड ७० लाखको सहयोगको बचन दिएकोमा ५ करोड रुपैयाँ खर्च भइसकेको छ । यसले पछिल्लो समय विदेशमा बस्ने नेपालीहरूले परोपकारमूलक कार्यमा आफ्ना हातहरू तिब्रताका साथ अगाडि बढिरहेका छन् भन्ने गतिलो संकेत गरेको छ। अहिले भइरहेका यस्ता सहयोगहरू विषेशगरी शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा भएका छन् । पछिल्लो एक वर्षको अवधिमा धेरै स्थानमा विद्यालय भवन र स्वास्थ्य चौकी निर्माण, गरिब र विपन्न छात्रछात्रालाई छात्रवृत्ति प्रदान, स्वास्थ्य शिविर तथा खानेपानीको उपलब्धता लगायतका सेवामूलक कार्यहरू सम्पन्न भइसकेका छन् । गरिब नेपालीका छोराछोरीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने विषेश अभियान सञ्चालन गरेको समता शिक्षा निकेतनलाई करोडौंको सहयोग गरेर विदेशमा बस्ने नेपालीहरूले परिवर्तनको अठोट पूरा गर्ने पहिलो आधार शिक्षा नै रहेको तर्कमा बल प्रदान गरेका छन् । एनआरएन दिवसको अवसर पारेर गत अक्टुबर महिनाभरमा मात्र देशका विभिन्न भागमा ३८ वटा परियोजना निर्माण सम्पन्न गरी उपभोक्तालाई हस्तान्तरण गरिएको छ भने ४ वटा नयाँ योजना घोषणा भएका छन् । हस्तान्तरण गरिएका परियोजनाहरूले पाँचवटै विकास क्षेत्र समेटेका छन् ।

एनआरएनको पाँचौं विश्व सम्मेलनमा परोपकारी परियोजनाहरू सञ्चालन गर्नेबारे सार्वजनिक प्रतिवद्धता जनाइएको थियो । एनआरएनका सल्लाहकार एवं पूर्व



## ‘हामी सहकार्य गर्न चाहन्छौं’

**दिनेशहरि अधिकारी**
सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

**समाज** कल्याणको क्षेत्रमा सबै काम सरकार एक्लैले गरेर सक्दैन। त्यसैले यसमा सबै सहयोगी हातहरू एकजुट हुनसके राम्रो नतिजा हासिल गर्न सकिन्छ। गैरआवासीय नेपालीहरूले पशुपतीनाथमा किरियापुत्री भवन लगायतका विभिन्न परियोजनाहरू निर्माण गरिदिएर ठूलो गुण लगाउनुभएको छ। अब हामी यसरी सामाजिक कार्य गर्ने सबै संघ संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने सोचमा छौं। त्यसो गर्न सकियो भने परिणाममुखी कार्य गर्न सजिलो हुन्छ।

गैरआवासीय नेपाली दाजुभाइ, दिदीबहिनीहरूले आफूले गरेको प्रतिवद्धता अनुरूपको सहयोग गर्नुहुन्छ भन्नेमा पनि म विश्वस्त छु। यसअघि श्रम मन्त्रालयमा रहँदा भने खाडी क्षेत्रको श्रम र रोजगारीसम्बन्धी समस्या समाधानमा उहाँहरूले दिएको वचन बमोजिमको सहयोग सरकारले पाउन सकेको थिएन। त्यसमा उहाँहरूका पनि आ-आफ्नै कमजोरी र बाध्यताहरू रहे होलान्। समाज कल्याण र परोपकारमा भने उहाँहरूले अग्रिम रुपमा नै राम्रो परिणाम नै दिइसक्नुभएकाले आशावादी छु।

## १०० दिनमा २९१७ लाई उपचार

**सिरहा** जिल्लाको कर्जन्हास्थित गैरआवासीय नेपाली संघका संरक्षक उद्योगी उपेन्द्र महतोले स्थापना गरेको २५ शैया क्षमता रहेको फूलकुमारी महतो मेमोरियल अस्पतालले १०० दिनमा २ हजार ९१७ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको छ। अस्पतालमा नेपालको सिरहा, धनुषा, रौतहट, सुनसरी, उदयपुर जिल्लादेखि भारतको बिहार राज्यका विभिन्न गाउँका बिरामीहरूले उपचार सेवा लिएका छन्।

अस्पतालले २४ घण्टा आकस्मिक सेवा, बहिरंग सेवा, अन्तरंग सेवा, रेडियोलोजी, ल्याबोरेटरी, नर्सिङ, फार्मेसी, योगा लगायतका सेवा उपलब्ध गराउँदै आएको छ। अस्पतालमा सुविधासम्पन्न शल्यक्रिया कक्ष, स्त्री तथा प्रसुति कक्ष, बालरोग कक्ष, सेन्ट्रल मेडिकल ग्यास पाइपलाइन सिस्टम, शव गृह, लण्ड्री र कुरुवाघरको समेत सुविधासमेत रहेको छ।

६ महिनाभित्रै २५ शैयाबाट ५० शैयामा पुर्‍याउने र निकट भविष्यमा १०० शैयाको सुविधासम्पन्न अस्पताल बनाउने योजना रहेको बताइएको छ।




प्रवक्ता जुगल भुर्तेल २००२ मा विदेशमा बस्ने नेपालीहरू संगठित भएपछि २००३ देखि हरेक देशका राष्ट्रिय समन्वय परिषद्ले नेपालमा कम्तिमा एउटा परोपकारी कार्य गर्ने भनेर अभियान शुरू भएको बताउनुहुन्छ। यो क्रमले आज अझ धेरै तिब्रता पाइसकेको छ।

संघका अध्यक्ष एवं परोपकार परियोजना संयोजक जीवा लामिछाने गतवर्ष जस्तै आगामी वर्ष पनि परोपकारका लागि कम्तिमा ५ करोड सहयोग नेपाल भित्रिने अपेक्षा राख्नुहुन्छ। “जो कसैले पनि केही कमाएपछि आफ्नो गाउँ-ठाउँको मुहार फेर्ने सपना देख्छ, त्यसैले एनआरएन दाजुभाइ, दिदीबहिनीहरूको प्राथमिकतामा व्यावसायिक लगानी भन्दा पनि पहिले परोपकारी काम परेको छ”, लामिछानेले भन्नुभयो। गैरआवासीय नेपाली संघको राष्ट्रिय समिति गठन भएका विश्वका ६४ मुलुकमध्ये आधाले प्रतिवद्धता बमोजिम परियोजनाहरू सम्पन्न गरिसकेका छन् *(हे.बक्स)*। “पूरा हुन बाँकी प्रतिवद्धतामा पनि काम भइरहेको छ”, उहाँले भन्नुभयो, “धेरै नेपाली बसोबास गर्ने युरोप लगायतका मुलुकहरूबाट गरिएका प्रतिवद्धता ७० प्रतिशत भन्दा बढी पूरा भइसकेका छन्।”

परोपकारमा व्यक्तिगत रूपले सहयोग पुर्‍याउनेमा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवं संरक्षक उपेन्द्र महतोको योगदान उच्च छ। सन् २००४ मा आफ्नी आमाको नाममा फूलकुमारी महतो स्मृति प्रतिष्ठान स्थापना गरी उहाँले परोपकार परियोजनाहरू सञ्चालन गर्दै आउनुभएको छ। यस क्रममा शिक्षा, स्वास्थ्य, खेलकुद, समाज कल्याण, धार्मिक कार्य, दान दातव्य तथा चन्दा गरी अहिलेसम्ममा ४० करोड भन्दा बढी सहयोग प्रदान गरिसकेको प्रतिष्ठानले जनाएको छ। प्रतिष्ठानले पशुपतिनाथ परिसरमा किरियापुत्री भवन निर्माणमा मात्र ४ करोड रुपैयाँ सहयोग गरेको छ भने सिराहाको कर्जन्हामा २५ शैयाको सामुदायिक अस्पताल निर्माण गरिदिएको छ। *(हे. बक्स)*

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव दिनेशहरि अधिकारी समाजकल्याणमा एनआरएनहरूको सहभागिता बढ्दै गएकोले सरकार पनि सहकार्यको सोचमा रहेको बताउनुहुन्छ। सचिव अधिकारीले भन्नुभयो, “परोपकारका माध्यमबाट राष्ट्र कल्याणमा योगदान गरिरहेका गैरआवासीय नेपाली लगायत सबै पक्षसँग समन्वय गरेर अघि बढ्ने हाम्रो सोच रहेको छ।”

मनग्गे धन कमाएका मात्र नभई मध्यम आम्दानी भएकाहरू पनि आफ्नो मुलुकमा केही न केही गर्न लालायित हुन थालेको अनुभव एनआरएन अभियानसँग नजिकबाट जोडिनेहरूको छ। नेपाली मात्रको सहयोगमा सञ्चालित परोपकारमूलक संस्था हेल्प नेपालका संस्थापक अध्यक्ष एवं सञ्चारकर्मी रवीन्द्र मिश्र जुनसुकै




## ‘जन्मभूमिप्रतिको माया बढ्दो’

**सपिला राजभण्डारी**
सहसंयोजक, परोपकारी कार्यदल, एनआरएन

परोपकारी परियोजनामा बस्दा मैले गरेको अनुभूतिका आधारमा विदेशमा बस्ने नेपालीहरूमा स्वदेशप्रति केही न केही योगदान गर्ने भावना दिन प्रतिदिन बढिरहेको छ। संघका अध्यक्ष स्वयं नै परोपकारी परियोजना संयोजक रहनुभएकाले पनि यसप्रतिको जागरण बढेको हो। अहिले गैरआवासीय नेपाली संघले सबैजसो जिल्लामा परोपकार परियोजना सञ्चालन गरिरहेको छ। विषेशगरी शिक्षा, स्वास्थ्य, खानेपानी विकासलाई केन्द्रित गरेर परोपकारका काम भइरहेका छन्। एनआरएनहरू आफ्नो गाउँमा रहेको खुला विद्यालयमा छानो हाल्न, शौचालय बनाउन वा कक्षा कोठामा डेक्सबेञ्च थप्न चाहन्छन्। च्यारिटी कार्यक्रम मार्फत सहयोगलाई समेटिरहेको देखिन्छ। संख्यात्मक हिसाबले शिक्षा क्षेत्रमा लगानी बढी देखिए पनि आर्थिक हिसाबले शिक्षाको तीन गुणा बढी लगानी स्वास्थ्यमा रहेको छ। संघले केही सामाजिक सस्थाहरूसँग पनि सहकार्य गरिरहेको छ तर धेरै चाहिं व्यक्तिगत विश्वासका आधारमा नै लगानी भइरहेको हामीले अनुभव गरेका छौं।

**गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा प्रकाशित**
यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं।
**प्रधान सम्पादकः** डा. हेम राज शर्मा
**गैरआवासीय नेपाली संघ,** सचिवालय, टेकु, काठमाडौं
फोन नं. ९७७-०१-४२१५२४७, ४२६२२५५
इमेलः nrn@nrn .org .np, contact@nrn .org .np
वेबसाइटः www .nrn .org .np

**सामग्री संयोजनः आउटलाइन मिडिया काठमाडौं, नेपाल**
www.outline .com.np
E-mail: info@outline.com.np
Tel: 01- 4102103
www.onsnews.com
**Outline news service/outlinesamachar.com**



मुलुकमा सामान्य नै काम गरिरहेको नेपाली भए पनि उसले जन्मभूमिका लागि योगदान गर्न जुर्मुराउन थालेको अनुभुति गर्नुहुन्छ । "परोपकारी संस्थामा संलग्नता नजनाउनेहरूले आफैंप्रति दोषको अनुभूति गर्न थालेका छन्", उहाँ भन्नुहुन्छ, "आर्थिक रूपमा सम्पन्नहरूको मन बरु कसिलो होला तर निम्नमध्यम वर्गका विदेशमा बस्ने नेपालीहरूमा परोपकारी भाव तीब्र भएको पाएको छु ।" खाडी क्षेत्र र मध्यपूर्वमा मजदुरी गर्न जानेहरूको परोपकारी गतिविधिले सबैको मन पगाल्ने उहाँको अनुभव छ ।

हालसम्ममा एनआरएनहरुले परोपकारको क्षेत्रमा कति बराबरको सहयोग गरे भन्ने यकीन तथ्य संकलन गर्ने कोशिस भइरहेको छ। विदेशमा बस्ने नेपालीहरूको सहभागितामूलक कार्य प्राय: हरेक जिल्लामा देख्न सकिन्छ। यस क्रममा संघले विभिन्न गैरसरकारी संघ संस्थाहरूसँग सहकार्य समेत गर्दै आएको छ । संघले लाइब्रेरी फाउन्डेशनलाई इ-पुस्तकालय स्थापनाका लागि हालसम्ममा रु.१ लाख ४० हजार सहयोग गरिसकेको छ। अध्यक्ष नरेश कोइरालाको अगुवाइमा फाउन्डेशनले देशका विभिन्न भेगमा इ-पुस्तकालय प्रवर्द्धन गर्दैआएको छ ।

फाउन्डेशनले ओपन लर्निङ एक्सचेञ्ज, नेपालसँगको सहकार्यमा सन् २००८ यता इ-पुस्तकालयका लागि ४० हजार अमेरिकी डलर खर्च गरिसकेको छ । यो वर्ष मात्र १२ हजार डलर खर्च गरेको र पाँच नयाँ पुस्तकालय स्थापना गर्न लागेको फाउन्डेशनले जनाइएको छ। फाउन्डेशनले पुस्तकालय स्थापनाअघि व्यवस्थापन तालिम दिन्छ । ५० वर्षअघि स्थापना भई स्रोत अभावमा बन्द भएको प्रकाश सामुदायिक पुस्तकालय श्रीखण्डपुर काठमाडौं *(हे. तस्वीर)* लाई यस वर्ष फाउन्डेशनले २ हजार ५ सय अमेरिकी डलर बराबरको पुस्तक र फर्निचर सहयोग गरेको छ। ग्रामीण भेगमा शिक्षा र चेतनाको स्तर बढाउँदा विकासप्रतिको चासो बढ्ने निर्क्योल सहित यस्तो अभियान सञ्चालन गरिएको हो । संघले ग्रामीण भेगका विद्यालयहरूमा सामुदायिक पुस्तकालय निर्माण र व्यवस्थापनमा सहयोग गर्न हेल्प नेपाल नेटवर्कसँग औपचारिक सम्झौता समेत गरिसकेको छ । त्यस बाहेक संघले अनुराधा कोइराला, दिलशोभा श्रेष्ठ, पुष्पा बस्नेत जस्ता समाजसेवीहरूको अभियानलाई समेत सहयोग गरिरहेको छ। उहाँहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गराउन समेत सबै देशमा बस्ने गैरआवासीय नेपालीहरूको सक्दो भूमिका छ ■

**टिप्पणी**



# कल्याणकारी समाज कल्याणकारी राज्य

**रवीन्द्र मिश्र**

एक वर्षअघि भारतमा त्यहाँको योजना आयोगले दिनमा ५१ रुपैयाँ खर्च गर्न सक्ने क्षमता राख्ने भारतीयलाई गरिब भन्न नमिल्ने बताएपछि गरिबीको स्तरलाई अवमूल्यन गरियो भन्दै ठूलो आलोचना भयो । त्यसको केही समयपछि नेपाल सरकारले पनि देशमा गरिबी गत ६ वर्षमा ऋण्डै ६ प्रतिशतले घटेर अहिले २५ प्रतिशतमा ऋरेको बताउँदै वर्षमा १९ हजार दुईसय ६१ रुपैयाँ भन्दा कम आम्दानी गर्नेहरूलाई मात्र गरिबी मान्न सकिने उल्लेख गऱ्यो। त्यो भनेको दिनको ५२ रुपैयाँ ७५ पैसाको आम्दानी हो र त्यसको अर्थ अब दिनमा ५३ रुपैयाँ आम्दानी गर्ने नेपालीलाई गरिब भन्न मिल्दैन। गरिबी घट्यो भन्न पाउनु गर्वको विषय हो तर संसारका जति नै ठूला कहलिएका संस्थाले तयार पारेको मानक र सूचकहरू प्रयोग गरिएको किन नहोस्, दिनमा ५३ रुपैयाँ आम्दानी गर्ने व्यक्ति गरिबीको रेखामुनि पर्दैन भनेर निष्कर्ष निकाल्नु मानवताको उपहास हो ।

गरिबी मापनका लागि प्रयोग गरिएको प्रतिव्यक्ति प्रतिदिन '२२ सय किलो क्यालोरी' शक्ति दिने खाना खान पाउनु मात्र गरिबीको रेखामाथि रहने आधार हुन सक्दैन। '२२ सय किलो क्यालोरी' शक्ति दिने खानाका लागि दिनमा करिब ३३ रुपैयाँ लाग्ने सर्वेक्षणमैं बताइएको छ । त्यसपछि बाँकी रह्यो २० रुपैयाँ त्यति रकम त्यो व्यक्तिले कहाँकहाँ मात्रै खर्च गर्ने ?

तर, समस्या गरिबी निर्धारण गर्न प्रयोग भएका मानक सूचकांक या तीनलाई प्रयोग गर्ने प्राज्ञ र नीति-निर्माताहरूको मात्र होइन । मूल कुरा के हो भने जबसम्म मानिसहरूले आत्मकेन्द्रित चिन्तनलाई प्राथमिकता दिन्छन् तबसम्म माथि उल्लेख गरिएजस्तो मानसिकता कायम रहिनै रहन्छ। एउटै मान्छेले आफू गरिब हुँदा 'समतामूलक समाज'को कुरा गर्छ तर त्यही व्यक्ति धनी भएपछि ऊ 'समान अवसरमूलक समाज'को वकालत गर्छ । ती दुईमा ठूलो भिन्नता छ भन्ने उसले बिर्सन्छ ।

परिणामस्वरूप विश्वले आजभन्दा पहिले कहिले नदेखेको आर्थिक, प्राज्ञिक र प्राविधिक विकास गर्दा पनि समष्टिगत रूपमा हेर्दा धनी र गरिब बीचको दूरी झनझन बढ्दै गएको छ । आर्थिक सहयोग तथा विकास संगठनले गरेको सर्वेक्षण अनुसार गत दुई दशकमा उसले अध्ययन गरेका झण्डैझण्डै सबै देशहरूमा आर्थिक असमानता बढेको छ। अमेरिकामा त्यहाँको व्यापारिक केन्द्र 'वालस्ट्रिट कब्जा गरौं' अभियान त्यसै शुरु भएको होइन। 'वालस्ट्रिट कब्जा गरौं' अभियानकर्ताहरूले 'हामी ९९ प्रतिशत हौं' नारा लगाइरहेका छन्, किनभने उनीहरूका दृष्टिकोणमा ९९ प्रतिशत जनताले वास्तविक न्यायको अनुभूति गरिरहेका छैनन् । विश्वको ८५ प्रतिशत सम्पत्ति विश्वका सिर्फ दश प्रतिशत धनाढ्यहरूको हातमा केन्द्रित छ र विश्वका ५० प्रतिशत तल्लो तप्काका मानिसहरू विश्वको केवल एक प्रतिशत सम्पत्तिमात्र बाँडीचुँडी गरेर बाँच्दछन् ।

आजभोलि उदारवादी अर्थतन्त्रका लागि विश्वमैं प्रतिष्ठित जेफ्री स्याक्स जस्ता प्राध्यापकहरू समाजलाई बढी न्यायपूर्ण र समतामूलक बनाउन नयाँ ढंगबाट सोच्नुपर्ने तर्क गर्न थालेका छन्। अनि वारेन बफेट र बिल गेट्सजस्ता संसारकै सबभन्दा धनाढ्यहरू अमेरिकाका सबभन्दा धनीहरूलाई "आफ्नो सम्पत्तिको सक्दो बढी अंश परोपकारका लागि दान गर्ने प्रतिवद्धता जनाऔं" भन्ने अभियानमा जुटेका छन्, जसमा झण्डै ६० जना धनाढ्यहरूले आफ्नो ५० प्रतिशत या त्योभन्दा बढी सम्पत्ति परोपकारका लागि दिने वाचा गरिसकेका छन् । यी सबै प्रयासहरू समाजलाई न्यायपूर्ण बनाउने र सकारात्मक रूपमा परिवर्तन गर्ने सराहनीय सोच हो । तर, त्यो सोचले व्यापकता नलिएसम्म समष्टिगत परिवर्तन भने सम्भव नहुने स्पष्ट देखिएको छ। त्यो व्यापकता स्वचेतनाबाट आउने रहेछ, कुनै राजनीतिक वादबाट होइन। जबसम्म तुलनात्मक रूपमा सक्षम र धनी मानिसहरूमा स्वस्फूर्त रूपमा आफूभन्दा कमजोरका लागि केही गर्नुपर्छ भन्ने जिम्मेवारी बोधको भावना आउँदैन, तबसम्म यो समाज र संसार सु-संस्कृत र शान्त हुनै सक्दैन । व्यक्तिमा जिम्मेवारीबोधको भावना आएपछि मात्र राज्य जिम्मेवारपूर्ण हुनसक्छ। तर अधिकांश नागिरकहरू आफू जिम्मेवार नभइकन राज्य बढी जिम्मेवार होस् भन्ने चाहन्छन् । हामी परिवार, प्राज्ञिक संस्था र समाजबाट जिम्मेवारीबोध नभएका नागरिकहरू उत्पादन गर्छौं र तिनीहरू नै सरकारमा पुगेपछि जिम्मेवार भइदिउन् भन्ने चाहन्छौं। त्यही विडम्बनाको परिणाम हो संसारमा देखिएको धनी र गरिब बीचको खाडल। त्यसलाई साँच्चिकै परिवर्तन गर्न चाहने हो भने, वारेन बफेट र बिल गेट्स जस्ता कतिपयमा ढिलो गरी फुरेको चेतना मानिसहरूमा चाँडै नै फुर्न जरुरी छ ।

आफ्नो समाज झुपडपट्टीले भरिभराउ छ, विद्यार्थीहरू तुइनमा झुण्डिएर पढ्न जान्छन् र एउटी आमा भोको पेट भर्न नसकेर छोराछोरी सहित आत्महत्या गर्छिन् भने, आफ्नो व्यापारलाई झनझन विस्तार गर्दै अति धनाढ्यको सूचीमा नाम दर्ता गराउने लक्ष्य लिने व्यापारीले आफ्नै आँखा अगाडिका त्यस्ता गम्भीर समस्याहरूलाई सम्बोधन गर्न सानै भए पनि पहल लिने कि नलिने ?

यो चेतना खासगरी पछिल्ला वर्षहरूमा गैरआवासीय नेपालीहरूमा बढ्दै गएको देखिन्छ । उनीहरू अहिले व्यक्तिगत र संस्थागत रूपमा नेपालमा धेरै परोपकारी कामहरूमा संलग्न छन् । तर अझै पनि अधिंकाश नेपालीहरूको 'कुरा' 'काम' मा रुपान्तरण हुन सकेको छैन । कल्याणकारी भावना भनेको नहुनेलाई आर्थिक सहयोग गर्ने सोच मात्र होइन । त्यो आफ्नो उन्नतिसँगसँगै अरुको भलो गर्ने चिन्तन हो, जसले अन्ततोगत्वा आफू, आफ्नो परिवार र भावी सन्ततिलाई नै सुख र शान्ति दिन्छ । व्यक्तिमा त्यस्तो चिन्तन विकास गर्न सकियो भने मात्र कल्याणकारी समाजको निर्माण हुन्छ । कल्याणकारी समाजको निर्माण भयो भने मात्र राज्य कल्याणकारी हुनसक्छ, जहाँ दिनको ५३ रुपैयाँ कमाउने व्यक्तिलाई गरिबीको रेखामाथि राखेर हेर्नुपर्ने विडम्बनापूर्ण स्थिति रहँदैन । ■

*(मिश्र हेल्प नेपाल नेटवर्कका संस्थापक अध्यक्ष हुन्)*

विचार



# 'हिसाब-किताब गर्ने बेला भएको छैन'

आनी छोइन डोल्मा

अरुको उद्धार लागि वा अरुको कल्याणको लागि केही काम गर्नु नै परोपकार हो। आफूभन्दा कमजोरलाई क्षमताले भ्याएसम्म सहयोग गर्नु नै वास्तवमा परोपकारी काम हो। नेपाल आर्थिक रूपमा अन्य मुलुकभन्दा कमजोर मानिन्छ। संसारभरबाट हेर्दा हामी धेरै कुराबाट पछाडि छौं। तर, परोपकारमा अरु भन्दा हामी अगाडि छौं। नेपाली धर्म-संस्कृतिले तथा परम्पराले पनि केही प्रभाव पारेको छ यसमा। मानवीय संगत पनि त्यसमा जोडिन आउँछ। विदेशमा रहेका नेपालीहरूले नेपालप्रतिको माया र भावनाले गरिरहेको सहयोग अहिले साँच्चै परोपकारी काम भएको छ। एनआरएनको नयाँ पुस्तामा पनि त्यही स्तरको परोपकारी मन देखिनुमा साँच्चै नेपालीको लागि गौरवको विषय हो।

## सामुहिक दायित्व

विदेश रहेका नेपालीहरू संगठित रूपमा पनि परोपकारी काममा केन्द्रित हुन थालेका छन्। संगठित वा एकल रूपमा विदेशमा रहे पनि नेपालीहरूले मातृभूमिप्रतिको माया तथा सामाजिक सेवामा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। एनआरएनको मुख्य उद्देश्य नै समाजसेवा हो। नेपालको धर्म-संस्तृतिलाई जोगाउँदै मुलुकको विकासमा साथ दिनु विदेशमा रहेका नेपालीको कर्तव्य पनि हो।

सबैमा आ-आफ्नो दायित्व हुन्छ। कतिपयमा जन्मजात नै सहयोग गर्ने भावना हुन्छ। परिवारमा कुनै व्यक्तिको दायित्व भए जस्तै समाजसेवा गर्ने दायित्व पनि हुन्छ र त्यो सबैले गर्नुपर्छ नै। हरेकको पहलबाट मात्रै समाज निर्माण सम्भव छ। हामीले एक आपसमा सहयोगको भावना राखेनौं भने यो संसार अघि बढ्न सक्दैन। त्यसैले व्यक्तिविशेषले भन्दा सामुहिकताको आधारमा समाजमा प्रभाव देखिने गरी काम गरियो भने पक्कै पनि सफल भइन्छ। एनआरएनहरूले पनि सामुहिक रूपमा परोपकारी काममा केन्द्रित भएर आफ्नो दायित्व पूरा गरिरहेका छन्।

## उद्देश्य भिन्न, सोच एक

नेपालीहरू भिन्न-भिन्न उद्देश्यले विदेश जाने गरेका छन्। भिन्न उद्देश्यलाई एउटै सोच बनाएर अघि बढेको गैरआवासीय नेपाली संघको मूल नेतृत्व र अरु च्याप्टरहरूमा रहेका एनआरएनहरूमा परोपकारी भावना छ। तर, त्यो भावनालाई व्यवहारमा उतार्न सक्नुपर्छ। बोलेर मात्रै होइन, काम गरेरै देखाउन सक्नुपर्छ। जुनसुकै उद्देश्यका लागि विदेश गए पनि नेपालमा सहयोग गर्ने भावना र विचार एउटै बनेमात्रै नेपालको विकासमा योगदान गर्न सकिने छ।

नेपालमा बस्नेहरूले एनआरएनहरूको दायित्व बुझ्नुपर्छ। नेपालको राजनीतिक अस्थिताले केही असहज देखिए पनि त्यसमा सहजता आएपछि थप राम्रो हुनेछ। कसैले केही विषयमा लगानी तथा काम गर्न खोजको छ, भने त्यसले सहज रूपमा काम गर्न पाउनुपर्छ। तर, नेपालको सन्दर्भमा काम गर्न केही अप्ठेरो भइरहेको छ। त्यसलाई सबै पक्षले सहज पार्नुपर्छ। नीति-नियममा बलपूर्वक भए पनि काम गर्न सक्ने प्रकारको वातावरण बनाउनुपर्छ। नेपाल सरकारलगायत सम्बन्धित निकायहरूले विदेशमा रहेका नेपालीको नेपालप्रतिको भावनात्मक सम्बन्धका आधारमा गर्न खोजिरहेको सहयोग र परोपकारी काममा पूर्णत: सहयोग गर्नुपर्छ। त्यसको लागि उचित वातावरण बनाउन आफैं अग्रसर हुनुपर्छ।

## चुनौती

कुनै पनि काम शुरू गर्न जति सजिलो हुन्छ, सम्पन्न गर्न त्यतिनै कठिन। एनआरएनले गर्न खोजेका सेवामुखी कामहरूलाई पनि पछिसम्म कसरी निरन्तरता दिनु निकै चुनौतीपूर्ण कार्य हो। निरन्तर कसरी कामलाई अघि बढाउँन सकिन्छ, भन्ने विषयमा अलि बढी केन्द्रित हुनु जरुरी छ। एनआरएनका कामलाई बढी भन्दा बढी दिगो बनाउनुपर्ने ठूलो चुनौतीका रूपमा रहेको छ। सामूहिक गर्ने कामको प्रभाव नै धेरै ठूलो हुन्छ।

अहिलेसम्म गरेका कामहरू राम्रो भएका छन्। शुरुवाती चरणमा मात्रै भएकाले अहिले नै सबै फलको हिसाव-किताब गर्ने बेला आइसकेको छैन। नेपालको अवस्था पनि त्यति राम्रो छैन। कामको मूल्यांकन भन्दा पनि एनआरएनहरूले गरेको सहयोग कसरी ग्रहण भइरहेको छ भन्ने विषयलाई हेरियो भने एनआरएनलाई पनि प्रोत्साहन हुनेछ। ■

*(डोल्मा गायिका तथा समाजसेवी हुन्)*



# एनआरएन दिवस परोपकारमा केन्द्रित

**हरेक** वर्षजस्तै यो वर्ष पनि गैरआवासीय नेपाली संघको छातामा विश्वभरि रहेका एनआरएनहरूले एनआरएन दिवस मनाएका छन्। स्थापना दिवशको मुख्य कार्यक्रम भने नेपालमा गरिएको थियो। सार्क मुलुक बाहिरका झण्डै ३० लाख नेपालीको साझा संस्थाका रूपमा सन् २००३ मा गैरआवासीय नेपाली संघ स्थापना भएयता संघले हरेक वर्ष अक्टुबरमा एनआरएन डे मनाउँदै आएको छ। नेपाल सरकारले सन् २००३ मा काठमाडौंमा भएको प्रथम विश्व सम्मेलनलाई आधार मानेर एनआरएन दिवस मनाउने निर्णय गरेको हो। गैरआवासीय नेपाली संघले स्थापना दिवशको यो वर्षको नारा 'वैदेशिक रोजगार : विकास र निकास' राखेको थियो।

यो वर्षको सम्मेलन सम्पूर्ण रूपमा परोपकारी काममा केन्द्रित थियो। जसमा विभिन्न परोपकारी काम घोषणा गर्ने प्रतिस्पर्धा नै चलेको थियो। स्थापना दिवसको औपचारिक उद्घाटन समारोहमा प्रमुख अतिथि प्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफ्नै मातृभूमिमा लगानी गर्न आग्रह गर्नुभयो। उहाँले सरकार लगानी सुनिश्चित गर्न र सिर्जित सम्पत्तिको निर्वाध उपभोग गर्न पाउने व्यवस्था गर्न तयार रहेको पनि प्रतिवद्धता जनाउनुभयो। अध्यक्ष जीवा लामिछानेले एनआरएनहरू नेपालमा विकास गर्ने चाहनाका साथ परोपकारी काममा अग्रसर रहेको बताउनुभयो। उहाँले अहिले शिक्षा, स्वास्थ्य, उर्जा क्षेत्रमा लगानी गरिरहेको र त्यस्ता लगानी बढ्दै जाने प्रतिवद्धता दोहोऱ्याउनुभयो। संघका संस्थापन अध्यक्ष उपेन्द्र महतोले अशिक्षा, गरिबी र बेराजगारी हटाउन एनआरएनहरूले सहयोग गर्ने विश्वास दिलाउनुभयो। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यले नेपाली व्यवसायी एनआरएनसँग हातेमालो गर्न तयार रहेको बताउनुभयो।



एनआरएनहरूले नेपालमा गर्ने लगानी र परोपकारी कार्यक्रम घोषणा गरेका थिए। अस्ट्रेलियामा बसोबास गर्ने शेष घले दम्पतीले शिक्षा र स्वास्थ्य क्षेत्रमा काम गर्न २ करोड रुपैयाँ पुँजी रहेको एमआईटी फाउन्डेसन स्थापना गरेको घोषणा गर्नुभयो। कोषाध्यक्ष भवन भट्टले बीबी ट्रष्ट मार्फत गोरखा जिल्लाका सबै माध्यमिक विद्यालयमा बीबी आईटी सेन्टर स्थापना, बेलायतमा बसोबास गर्ने नेपाली टुका क्षेत्रीले एक्सन वर्क्स नेपाल (एओन) मार्फत जुम्लामा प्रसूतिगृह स्थापनाका लागि १८ लाख रुपैयाँ खर्च गर्ने मध्यपूर्व संयोजक नरेन्द्र भाटले डडेल्धुरामा एम्बुलेन्स खरिद गर्ने घोषणा गर्नुभयो। यसअघि संरक्षक रामप्रताप थापाले देवघाटको चौतारा निर्माणको लागि २ लाख दिने घोषणा गर्नुभएको थियो।

एनआरएनए अध्यक्ष लामिछानेले अक्टुवर १ देखि पाँचै विकास क्षेत्रमा क्षेत्रीय स्तरका परोपकारी परियोजना शुभारम्भ भएको जानकारी गराउनुभयो। गैरआवासीय नेपाली दिवसको अवसर पारेर अक्टुबरभरि विभिन्न एनसीसी तथा एनआरएनहरूद्वारा चितवन, भक्तपुर, कैलाली, भोजपुर, काठमाडौं, मोरङ, लम्जुङ, म्याग्दी, मकवानपुर, धनुषा, कास्की, धादिङ, जुम्ला, मुस्ताङ लगायतका जिल्लाहरूमा परोपकारी परियोजनाहरू सञ्चालन गरिएको थियो।

दिवसको अवसरमा काठमाडौंमा गरिएको औपचारिक समारोहमा विश्वका विभिन्न मुलुकबाट गैरआवासीय नेपालीहरू सहभागी थिए। बिहान एनआरएन प्रतिनिधिहरूले स्वयम्भू र पशुपतिमा पुगेर पूजा गरेका थिए भने पर्यावरण स्वच्छ राखौं भन्ने सन्देश सहित स्वयम्भूदेखि पशुपतिसम्म साइकलयात्रा गरिएको थियो। ■

# 'दोस्रो पुस्ताको पहिचान जोगाउँदा मात्रै धेरै लगानी भित्रिन्छ'



**भीम उदास**

**संरक्षक, गैरआवासीय नेपाली संघ**

**तपाईं गैरआवासीय नेपाली संघको स्थापनाकालदेखि नै विभिन्न जिम्मेवारीमा रहेर काम गरिरहनुभएको छ, शुरुका दिनलाई कसरी सम्झनुहुन्छ ?**

प्राकृतिक सौन्दर्य र स्रोतको आधारमा नेपाल सुन्दर र धनी देश हो। तर, आर्थिक र भौतिक विकासको दृष्टिले नेपाल गरिब मुलुकका रूपमा चिनिन्छ। म संयुक्त राष्ट्रसंघमा कार्यरत रहेको हुँदा विभिन्न मुलुकमा भएको विकास प्रक्रियालाई जान्ने र बुझ्ने मौका पाएको थिएँ। त्यसैले नेपालको सर्वाङ्गिण विकासको लागि देशभित्र र बाहिर बसेका नेपालीको संयुक्त प्रयास हुनु जरुरी छ भन्नेमा म विश्वस्त भएँ। त्यही विश्वासलाई मस्कोमा साथीहरूसमक्ष छलफल गरियो। केही गरौं भन्ने सोचमा उहाँहरू पनि बस्नुभएकोले एनआरएनको स्थापनाद्वारा नेपालको विकास र बाहिर बस्ने नेपालीहरूको हक, हित र अधिकारको संरक्षणमा सहभागी हुने प्रतिवद्धता जनायौं। यही क्रममा नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा ३२ मुलुकका नेपाली प्रतिनिधि सहितको पहिलो विश्वसम्मेलन नेपालमा सन् २००३ मा सम्पन्न भयो। शुरुवातमा काम गर्न धेरै चुनौतीहरू आए तर काम गर्दै गयौं। साथीहरूको सहभागिता र सहयोग बढ्दै गयो। फलस्वरूप आज ६४ मुलुकमा संगठन विस्तार भएसकेको छ, जुन हाम्रो सोच भन्दा धेरै राम्रो प्रगति हो।

**भनेपछि, जुन उद्देश्यका साथ एनआरएन स्थापना गरिएको थियो, त्यही उद्देश्यमा अहिलेसम्म अगाडि बढिरहेको छ हैन त ?**

संघको मूल मन्त्र नेपालको लागि नेपाली हो र नेपालको विकासको लागि आर्थिक, बौद्धिक र परोपकारी सेवाबाट सहयोग पुऱ्याउने नै मुख्य उद्देश्य हो। यसै विश्वासका साथ आज यो संस्था अघि बढिरहेको छ। तर, एनआरएनलाई आर्थिक लगानी भित्र्याउने एउटा माध्यमको रूपमा मात्र हेरेर मूल्यांकन गर्न मिल्दैन। हाले संघले संयुक्त लगानीको प्रक्रियालाई अघि बढाएको छ र यसको माध्यमबाट बढी भन्दा बढी लगानी भित्रिन सक्छ भन्नेमा म विश्वस्त छु। त्यसैले उद्देश्यलाई पूरा गर्ने बाटोमा संघ अगाडि बढिरहेको छ भन्नेमा विश्वस्त छु।

**एनआरएनहरूले जति भन्छन्, त्यति गर्दैनन् भन्ने आलोचना पनि त छ नि ?**

हामी नेपालमा लगानी गर्न र विकासमा सहभागी हुन आतुर छौं, किनकि यो हाम्रो देश हो। त्यसो भन्दैमा एक दुई जना धनी व्यक्तिले गरेको आर्थिक लगानी मुलुकको विकासका लागि पर्याप्त छैन। पछिल्लो समयमा हामीले शुरू गरेको संयुक्त लगानीको कार्यक्रम सफल भयो भने त्यो बृहत आर्थिक लगानीको राम्रो शुरुवात हुनसक्छ। त्यसैले म मुलुक बाहिर रहनुभएका सबै नेपाली साथीहरूलाई यो काममा सहभागिता जनाउनको लागि आव्हान गर्दछु। नेपालमा एनआरएनले लगानी गर्ने भन्ने कामको शुरूवात भएको छ, यसमा मासिक १५० डलर कमाउनेदेखि २० हजार डलर कमाउनेसम्मको सहभागिता हुनेछ। को धनी को गरिब भन्ने कुराले यसमा कुनै असजिलो पार्दैन, सबैको लगानी सुनिश्चित हुन्छ।

**संघले पछिल्लो समयमा गरिरहेको परोपकारको कामलाई कसरी हेर्नुभएको छ ?**

परोपकारको काम नेपाली नागरिक भएको हैसियतले कतै केही आवश्यक परेको महसुस गरेपछि सेवामूलक उद्देश्य राखेर गर्ने काम हो।

गैरआवासीय नेपाली संघ समानान्तर सरकार होइन, यसले मुलुकमा आवश्यक ठानिएका सबै काम गर्न सक्दैन। त्यसैले म भन्छु- सरकार, स्थानीय समुदाय र गैरआवासीय नेपाली संघले हातेमालो गर्दै काम गर्न सकेको अवस्थामा हामीले गरेको परोपकारका कामहरू प्रभावकारी हुन सक्छन्। त्यसैले परोपकारी कामका लागि प्रक्रियागत र संस्थागत रूपमा अघि बढ्न आवश्यक छ। आफ्नो मुलुकलाई सहयोग गरौं भन्ने भावना हरेक व्यक्तिलाई हुन्छ। त्यो भावनालाई कसरी सांगठनिक रूपमा विकास गरी सही रूपमा कार्यान्वयन गर्ने भन्ने कुरा नेतृत्वले विचार गर्नुपर्छ। यसो गरेमा पक्कै पनि देश विकासमा टेवा पुग्नेछ।

**गैरआवासीय नेपाली संघभित्रको दलगत राजनीतिले सोचेजस्तो संगठन गर्न चुनौती भएको ठान्नुहुन्छ ?**

गैरआवासीय नेपाली संघ नितान्त गैरराजनीतिक संगठन हो। दलका नेताहरूसँग पटक-पटक भएका भेटघाटमा नेपाली नेताहरूलाई समेत शिक्षा दिनेगरी उहाँहरूले नेतृत्व चयनदेखि हरेक काम गर्दासम्म त्यागको भावना, सहयोगको भावना, होस् भन्ने गर्नुहुन्छ। त्यो देखाउन अझै हामीले सकिरहेका छैनौं। अबको दिनमा हामीले धेरै भन्दा धेरै ध्यान संगठन निर्माणदेखि आफ्नो स्वार्थभन्दा मुलुक र समुदायको स्वार्थलाई प्रमुख प्राथमिकता दिन आवश्यक छ।

मैले महसुस गरेको कुरा, आइसीसी र एनसीसीको बीचमा अझ बढी समन्वय गर्न आवश्यक छ, जुन संगठनको लागि निकै ठूलो चुनौतीको रूपमा अगाडि आएको छ। एनसीसी एनआरएनको आधारभूत र मजबुत खम्बा हो, जुन बलियो नभएसम्म कहिल्यै संगठन बलियो हुन सक्दैन। पछिल्लो समयमा एनसीसीमा स्रोत हुनेहरूको बढी सहभागिता छ, जहाँ विद्यार्थी, मजदुर, व्यवसायी, महिला लगायतको सदस्यता लिनेदेखि चुनावसम्म आइपुग्दा समावेशी हुन जरुरी छ। क्षेत्रगत समस्या समाधान गर्न क्षेत्रमा नै केही व्यवस्था हुन जरुरी छ। यस्तो नहुने हो भने जुम्ला, हुम्लाको विकासका योजना सिंहदरबारमा बसेर बनाएजस्तै हुन्छ।

**दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूले नेपाललाई प्रभावकारी रूपमा योगदान दिनका लागि विशेष रूपमा नेपाली नागरिकताको निरन्तरतासँग जोड्ने गरिन्छ, किन ?**

हामी मुलुकबाहिर बसेका नेपालीहरूको पहिलो पहिचान भनेको हामी नेपाली हौं, अनि हाम्रो इमानदारिता, लगनशिलता, उद्यमशिलता र अनुशासन हो। यो कुरालाई हाम्रा दोस्रो पुस्ताले पनि पछ्याइरहेका छन्। तर, नेपाली नागरिकताको निरन्तरता नहुने हो भने कसरी उनीहरूले नेपाल र नेपालीको विकासका लागि काम गर्न सक्छन् ? सरकारले मुलुक बाहिर बसेका नेपाली सन्तानको हक-अधिकार खोस्न चाहिरहेको छ। दोस्रो पुस्ताका नेपालीहरूको पहिचानलाई सरकारले कायम गर्न सक्ने हो भने अहिलेको तुलनामा कयौं गुणा बढी लगानी भित्रिने छ। उनीहरूले आफ्नो पुस्ता जन्मेको मुलुक, मेरो बुबा जन्मेको गाउँ भन्ने पक्षबाट पनि केही गर्न सक्छन् तर नेपाल सरकारले यो कुरा नबुझेर हामीलाई भारतीय ज्वाइँहरूसँग तुलना गरेर नागरिकताको निरन्तरताको विषयलाई अल्झाइरहेको छ। म के भन्छु भने, गैरआवासीय नेपालीको दोस्रो पुस्ताको योगदानलाई कदर गर्दै पुलको रूपमा काम गर्न सरकारले नेपाली नागरिकताको निरन्तरताको व्यवस्था गर्नु अत्यन्त आवश्यक छ। ■

# सातौं क्षेत्रीय सम्मेलन लगानीमा केन्द्रित



अस्ट्रेलियामा सम्पन्न गैरआवासीय नेपाली संघ एनआरएनको सातौं क्षेत्रीय सम्मेलनले नेपालको विकासका लागि थप लगानी भित्र्याउने प्रतिवद्धता जनाएको छ। सिड्नी घोषणापत्र जारी गर्दै १६ भदौ (१ सेप्टेम्बर) मा सकिएको तीनदिने सम्मेलनले सामुहिक लगानीलाई पहिलो प्राथिकतामा राखेको छ। सम्मेलनले जारी गरेको १५ बुंदे सिड्नी घोषणापत्रमा नेपालमा लगानी र सामाजिक सेवाका कार्यक्रमलाई महत्वका साथ उठाइएको छ। "समृद्ध नेपालका लागि लगानी र सिर्जनशीलता" नारा तय गरिएको सम्मेलनमा नेपालमा खुला विश्वविद्यालय सञ्चालन गर्न नेपाल सरकार र एनआरएनबीच औपचारिक सहमति भएको छ। सय मेगावाट जलविद्युत् आयोजनाका लागि रकम संकलन प्रक्रिया पनि पहिलो प्राथमिकतामा परेको छ। एनआरएनको ओसिनिया क्षेत्रले पहिलो पटक आयोजना गरेको सम्मेलनमा भेला भएका विश्वभरका एनआरएन अभियानका अगुवाहरूको पहिलो चिन्ता नेपालको विकासमा थियो। एनआरएन अगुवाहरूले सरकारलाई अन्योलपूर्ण राजनीतिक अवस्थामा लगानीको वातावरण बनाउन पटक-पटक आग्रह गरिरहेका थिए। घोषणापत्र सार्वजनिक गर्दै एनआरएन सम्मेलन आयोजक समितिका संयोजक मन केसीले नेपाल सरकार र राजनीतिक दलसमक्ष लगानीको वातावरण बनाउन आग्रह गर्नुभयो।

समाजिक र लोककल्याणकारी कामलाई पनि प्राथमिकतामा राखेर हरेक कमिटीलाई आफ्नो कार्यकालमा कम्तीमा एउटा सामाजिक तथा कल्याणकारी काम गर्न सम्मेलनले सबैमा आह्वान गऱ्यो। विभिन्न १८ देशका ५ सयभन्दा बढी प्रतिनिधि सहभागी सम्मेलनमा एनआरएनका हरेक शाखाले नेपालको पर्यटक प्रवर्द्धन गर्ने समेत घोषणापत्रमा उल्लेख गरिएको छ। यस सम्मेलनमा अष्ट्रेलियन सरकारका अध्यागमन तथा नागरिकता मन्त्री क्रिस ब्राउन लगायतका उच्चपदस्थ अधिकारीहरू, नेपालका शिक्षा मन्त्री दिनानाथ शर्मा, उद्योगमन्त्री अनिलकुमार झा, नेपाल राष्ट्र बैंकका गर्भनर डा.युवराज खतिवडा, अष्ट्रेलियास्थित नेपाली राजदूत, नेपालका उच्च सरकारी अधिकारीहरू, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष लगायतका पदाधिकारीहरू, सञ्चारकर्मी तथा गैरआवासीय नेपाली संघका २० देशका झण्डै ५०० प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

सम्मेलनको उद्घाटन सत्रमा शिक्षामन्त्री शर्माले एनआरएनसँग दुर्गममा शिक्षा र स्वास्थ्यमा लगानी गर्न आग्रह गर्नुभयो।

सन् २००५ मा दोहा कतार, २००६ मा वोन जर्मनी, २००८ मा बैंकक, २००९ मा अमेरिका, २०१० मा दुवई र २०११ मा मस्कोमा गरी ६ वटा क्षेत्रीय सम्मेलन यसअघि सम्पन्न भइसकेका छन्। सम्मेलनमा आप्रवासी नेपालीहरूले समयमै संविधान नबनेकाले लगानीको लागि सोचे अनुसारको वातावरण नबनेको गुनासो गरेका थिए। नेपालको जलविद्युत्को क्षेत्रमा लगानी गर्न एनआरएनले पूँजी संकलन कार्यलाई जारी राखेको घोषणपत्रमा उल्लेख गरिएको छ। एनआरएनका अध्यक्ष जीवा लामिछानेले एनआरएनको सातौं सम्मेलन नेपालमा लगानी भित्र्याउन कोशेढुंगा सावित भएको बताउनुभयो।

नेपालमा लगानी गर्ने प्रतिवद्धतासँगै घोषणापत्रमा संवाद, सहमति र सहकार्यको बाटोबाट नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डता, लोकतन्त्र एवं गणतन्त्रको संस्थागत विकास गर्न राजनीतिक दलहरूलाई आग्रह गरिएको छ। यस्तै सन् २०१२-१३ लाई सरकारले घोषणा गरेको लगानी वर्षको पनि स्वागत गरेको छ। ■

## लगानीबारे सिंगापुर, फिनल्याण्ड र कुवेतमा छलफल

**सामुहिक** लगानीका विषयमा सिंगापुर, फिनल्याण्ड र कुवेतमा छलफल कार्यक्रमको आयोजना गरियो। एनआरएन सिंगापुरले गरेको अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित अध्यक्ष जीवा लामिछानेले नेपालको आर्थिक, सामाजिक विकासमा गैरआवासीय नेपालीहरूको भूमिका र गर्न लागिएको सामुहिक लगानीको विषयमा प्रष्ट्याउनुभएको थियो। कार्यक्रममा सिंगापुरका कन्सुलेट एनएम वार्मीले नेपालको विशेषताको प्रशंसा गर्नुभएको थियो। कार्यक्रममा एनसीसी सिंगापुरका पदाधिकारीहरू लगायतको सहभागिता थियो।

त्यस्तै अध्यक्ष लामिछानेको उपस्थितिमा फिनल्याण्डमा पनि संयुक्त लगानीसम्बन्धी अन्तर्क्रिया भएको भयो। एनआरएन फिनल्याण्डका अध्यक्ष डा. अरुण पोखरेल र संयुक्त लगानी कार्यालयका संयोजक देवीदत्त पौडेलले आफूले कमाएको केही अंश नेपालमा लगानी गर्न आग्रह गर्नुभयो।

यसैगरी गैरआवासीय नेपाली संघ कुवेतले पनि यसै विषयमा अन्तर्क्रिया आयोजना गऱ्यो। अध्यक्ष राजेन्द्र तामाङको अध्यक्षता भएको कार्यक्रममा प्रमुख अतिथि नेपाली राजदूतावास कुवेतकी श्रम सहचारी सिर्जना तिवारी, आइसीसी सदस्य राजन कुँवर लगायतले कुवेतवासी नेपालीलाई नेपालमा एनआरएनले गर्न लागेको संयुक्त लगानीमा सहभागी हुन आह्वान गर्नुभयो ■

### आवश्यक कागजपत्रहरू

- संस्थापक शेयर धनीको व्यक्तिगत विवरण मञ्जुरीनामा
- लगानी प्रतिवद्धतापत्र
- नेपाली नागरिकताको प्रतिलिपी वा नेपाल सरकारवाट जारी गरिएको एनआरएन वा पिएनओ कार्डको प्रतिलिपी

सामुहिक लगानीसम्बन्धी विस्तृत जानकारी एनआरएनएको होम पेजमा कलेक्टिभ इन्भेस्टमेन्ट च्याप्टरअन्तर्गत प्राप्त गर्न सकिने छ।

## जलविद्युत् लगानीमा प्रक्रिया शुरू

**नेपालको** जलविद्युत्मा गर्न लागिएको सामुहिक लगानीका लागि आवश्यक प्रक्रिया शुरू भएको छ। ५ अर्ब रुपैयाँ अधिकृत पूँजी भएको एनआरएन इनभेष्टमेण्ट नामको पव्लिक लिमिटेड कम्पनी कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम ३१ भदौमा दर्ता भएसँगै लगानीको प्रक्रिया शुरू भएको हो। कम्पनी दर्तापछि लगानी गर्न इच्छुक गैरआवासीय नेपालीहरूका लागि संस्थापक शेयर जारी गर्न प्रक्रियामा शुरू भइरहेको अध्यक्ष जीवा लामिछानेले बताउनुभयो। उक्त कम्पनीको संस्थापक शेयरधनी हुनका लागि एक व्यक्तिले कम्तीमा एक लाखदेखि बढीमा एक करोड नेपाली रुपैयाँसम्म लगानी गर्न पाउने प्रावधान राखिएको छ। लगानी गर्न चाहने गैरआवासीय नेपालीले शुरूमा आफूले कबुल गरेको रकमको २५ प्रतिशत वा कम्तीमा एक लाख रकम १ जनवरी २०१३ सम्म कम्पनीको उल्लेखित ३ वटा बैंक खातामध्ये कुनै एकमा जम्मा गरिसक्न संघले अपिल गरेको छ। जसका लागि Bank of beneficiary: Sanima Bank Limited, Kathmandu, Nepal. Swift: SNMANPKA, Beneficiary: NRN Investment Limited. Beneficiary Account No.: 001-000-1095401, Bank of beneficiary: Bank of Kathmandu Limited, Kathmandu, Nepal. Swift: BOKLNPKA, Beneficiary: NRN Investment Limited. Beneficiary Account No.: 01-00000-62385, Bank of beneficiary: Nepal Investment Bank Limited, Kathmandu, Nepal. Swift: NIBL NP KT, Beneficiary: NRN Investment Limited. Beneficiary Account No.: 03601040252744 मा रकम जम्मा गर्न सकिने छ। संघका अध्यक्ष लामिछानेले जलविद्युत् क्षेत्र तुलनात्मक रूपमा कम जोखिमपूर्ण लगानीको क्षेत्र रहेकाले १५ देखि २५ प्रतिशतसम्म फाइदा लिन सकिने बताउनुभयो। अध्यक्ष लामिछानेले सबैको नाममा अपिल जारी गर्दै भन्नुभएको छ, "सरकारले उत्पादित विद्युत् किनिदिने ग्यारेण्टीसमेत गरिदिएकोले यस क्षेत्रमा लगानीका लागि हामीलाई थप उत्साहित बनाएको छ, सामुहिक लगानीबाट मात्रै समृद्ध नेपालको साझा सपना पूरा हुन्छ त्यसैले आफ्नो हैसियतअनुसार लगानी गर्न म सम्पूर्ण एनआरएनहरूमा आह्वान गर्न चाहन्छु।" ■



# नेपालको पहिचानमा टेवा पुर्‍याउँदै बीबी एयरवेज

**नेपाली** एयरलाइन्स कम्पनी बीबी एयरवेजले नेपाली राष्ट्रिय ध्वजाबाहक झण्डासहित असोज २५ बाट आफ्नो उडान शुरू गरेको छ। काठमाडौंबाट मलेसियाको क्वालालाम्पुरका लागि कम्पनीले पहिलो उडान शुरू गरेको हो। गैरआवासीय नेपाली संघ (एनआरएनए) स्थापना दिवसको उपलक्ष्यमा काठमाडौंमा आयोजित विशेष समारोहमा प्रधानमन्त्री डा. बाबुराम भट्टराई, संघ अध्यक्ष जीवा लामिछाने, एयरवेज अध्यक्ष भवन भट्ट र टोन्ले साब कम्पनीका अध्यक्षका सल्लाहकार जेसी लीले संयुक्त रूपमा एयरलाइन्सको औपचारिक उद्घाटन गर्नुभएको थियो। प्रधानमन्त्री भट्टराईले सरकारी स्वामित्वको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले प्रभावकारी सेवा प्रवाह गर्न नसकेको अवस्थामा निजी क्षेत्रको प्रयास सराहनीय भएको बताउनुभयो। प्रम भट्टराईले भन्नुभयो, "एनआरएनको लगानीमा स्थापित बीबी एयरलाइन्सले संसारभरका नेपालीलाई एउटै मालामा




बाँध्नेछ।" कम्बोडियाको सियाम रिपसम्म उडान गर्दैआएको एयरलाइन्सले क्वालालाम्पुरसँगै हङकङ, बैंकक, र सिंगापुरका लागि नियमित उडानको अनुमति पाइसकेको छ। बीबीले जापानको टोकियोको नारिता एयरपोर्टबाट समेत चार्टर उडान शुरू गरिसकेको छ। क्वालालाम्पुरका लागि सोमबार, बिहीबार, शनिबार र आइतबार उडान भइरहेको छ। एनआरएन आइसीसीका कोषाध्यक्ष समेत रहेका भवन भट्ट अध्यक्ष रहेको बीबी एयरवेजले नेपाललाई चिनाउने उद्देश्य पनि लिएको छ। "देश बनाउनका लागि संसारलाई नेपालको नजिक ल्याउने" उद्देश्यका साथ शुरू गरिएको यो उडानको शुरुवातले नेपाल र जापान सहितका देशको दूरी कम गरेको छ। एयरवेजका अध्यक्ष भट्टले मुलुक विकासको बृहत्तर लक्ष्य पूरा गर्न एयरलाइन्स स्थापना गरिएको बताउनुभयो। नेपालमा हाल २८ अन्तराष्ट्रिय वायुसेवा कम्पनीले उडान सञ्चालन गरिरहे पनि नेपालबाट भने राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम र बुद्ध एयरले भारतमा मात्र उडान सञ्चालन गरिरहेका थिए। कार्यक्रममा अध्यक्ष लामिछानेले आफ्नो रुट पर्ने सबै क्षेत्रमा बीबी एयरलाइन्स नै चढ्ने घोषणा गर्नुभयो। कार्यक्रममा बीबीको इनफ्लाइट म्यागेजिन 'न्याचुरल्ली नेपाल' को संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री पोष्टबहादुर बोगटीले बिमोचन गर्नु भएको थियो। ■




## जलविद्युतमा बेलायतबाट १८ र जापानबाट ३० करोड

**गैरआवासीय** नेपाली संघ युकेले गैरआवासीय नेपाली दिवसमा एक कार्यक्रम आयोजना गरी १०० मेघावट जलविद्युत परियोजनाका लागि १८ करोड नेपाली रुपैया संकलन गरेको छ। अध्यक्ष कूल आचार्य सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथी बेलायतका लागि नेपाली राजदुत डा. सुरेश चन्द्र चालिसे, एनआरएन आईसिसि संरक्षक प्रोफेसर सूर्य सुबेदी, उपाध्यक्ष हितमान गुरुङ, प्रवक्त डा. हेम राज शर्मा, सदस्य राजन कडेल, सामुहिक लगानी कार्यदलका सदस्य लगायतका बक्ताहरुले सामूहिक लगानी र गैरआवासीय नेपाली दिवसबारे आ आफ्नो धारणा राख्नु भएको थियो। सामुहिक लगानीबारे सहभागीहरुले राखेका बिभिन्न जिज्ञासाको संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो र अध्यक्ष जीवा लामिछानेले स्काइपको माध्यमबाट प्रष्ट पार्नु भएको थियो।

यसैगरी सो परियोजनको लागि जापानबाट ३० करोडको प्रतिबद्धता आएको र रकम संकलन गर्नेकाम सक्रियता पूर्वक अगाडि बढेको कुरा एशिया प्यासिफिक क्षेत्रका संयुक्त लगानी समितिका सह संयोजक महेश्वरकुमार श्रेष्ठले जानकारी दिनुभयो। श्रेष्ठका अनुसार जापानबाट मात्रै ५० करोडको लगानी उठाउने लक्ष्य राखिएको छ। ■

# महतो र घलेको लगानी थपिंदै

**गैरआवासीय** नेपाली संघका संस्थापक अध्यक्ष डा.उपेन्द्र महतोले राजधानी काठमाडौंमा सुविधा सम्पन्न अस्पताल र जडिबुटी खेती तथा प्रशोधन उद्योग खोल्ने हुनुभएको छ। कूल ५० करोड लगानीमा दुई ठूला परियोजना शुरू गर्ने प्रक्रिया अगाडि बढिसकेको छ। ललितपुरको भैंसेपाटीमा किनिएको जग्गामा अस्पताल निर्माणका लागि आवश्यक पहल भइरहेको छ। जडिबुटी खेती तथा प्रशोधन उद्योगको काम भने अगाडि बढिसकेको छ। जडिबुटी उद्योग र अस्पतालका लागि जग्गा खरिद भइसकेको महतोले बताउनुभयो। उहाँले अस्पतालमा ३० करोड लगानी गरेर तीन चरणमा अगाडि बढ्ने र जडिबुटीमा पहिलो लगानी २० करोड हुने पनि बताउनुभयो। १ सय ५० रोपनी जग्गामा तीन सय शैयाको अस्पताल अमेरिकी आर्किटेक्टबाट डिजाइन, नेपालीबाट निर्माण हुने गरी काम शुरू हुनेछ। जडिबुटी उत्पादन तथा प्रशोधन उद्योगबाट प्रत्यक्ष/अप्रत्यक्ष ५० हजार जनालाई रोजगारी पुग्ने अनुमान गरिएको छ।



उपेन्द्र महतो र शेष घले।

धनुषामा खोल्ने तयारी गरिएको जडिबुडी उद्योगका लागि जग्गाको समेत व्यवस्था भइसकेको छ। जडिबुडीमा तीन चरणमा लगानी गरिनेछ। पहिलो चरणमा स्थानीयलाई स्वरोजगारसमेत हुनेगरी खेती शुरू हुने र त्यसका आधारमा उद्योग सञ्चालन गरिने छ। जडिबुटी खेतीबाट राम्रो आम्दानी भइरहेकाले त्यसले निम्न आय भएका नेपालीहरूलाई सहयोग हुने अपेक्षा राखिएको छ। किसानलाई तालिम दिने, बीउ-बिजन दिएर जडिबुटी खेती गर्न पनि कम्पनीले नै प्रोत्साहन गर्नेछ। धनुषाबाट शुरू गर्न लागिएको जडिबुटी उद्योग देशका अन्य क्षेत्रमा पनि विस्तार गर्दै लैजाने योजना रहेको महतोले जानकारी दिनुभयो।

यसैबीच अष्ट्रेलियामा व्यवसाय गर्दै आउनुभएका गैरआवासीय नेपाली शेष घलेले काठमाडौंमा सुविधासम्पन्न ५ तारे होटल बनाउने घोषणा गर्नुभएको छ। ५ वर्षभित्र निर्माण सकिने लक्ष्य राखिएको यस होटलको लगानी ७ अर्ब रुपैयाँ (साढे ७ करोडदेखि ८ करोड अष्ट्रेलियन डलर) हुने घलेले जानकारी दिनुभयो। एमआइटी ग्रुप होलिडेज नेपालका अध्यक्ष घलेका अनुसार छिट्टै यसको व्यवस्थापन सम्झौता भई एक वर्षभित्र निर्माणको काम शुरू हुने छ। उहाँका अनुसार अस्ट्रेलियाबाट प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को रूपमा रकम ल्याएर यस आयोजनामा खर्च हुनेछ। राजनीतिक अस्थिरता कारण नेपालमा लगानी वातावरण नभएको गुनासो व्याप्त रहेका बेला उहाँले होटल खोल्न लाग्नुभएको हो। ■

# एनआरएन खेलकुदमा पनि सक्रिय



**गैरआवासीय** नेपाली संघ चीनले ग्वांगजाओमा विभिन्न विश्वविद्यालयहरूमा अध्ययनरत विद्यार्थी र चीनमा व्यवसाय गर्ने नेपालीहरूबीच मैत्रीपूर्ण फुटबल खेल आयोजना गर्‍यो। विभिन्न क्षेत्रमा कार्यरत नेपालीहरूलाई एकताबद्ध बनाउँदै एनआरएनको सन्जाललाई थप मजबुत बनाउने अपेक्षासहित गैरआवासीय नेपाली दिवश- २०१२ को उपलक्ष्यमा खेल आयोजना गरिएको हो। डा. राजिव केशरीको संयोजकत्वमा गठित एक समितिद्वारा आयोजित उक्त खेलको गैरआवासीय नेपाली संघ चीन र मकाउका अध्यक्ष सुन्दर थापा तथा सुदर्शन



थापा मगरले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो।

यस्तै, बेलायतमा गैरआवासीय नेपाली संघ र साहारा क्लब युकेबीच एक मैत्रीपूर्ण फुटबल खेलको आयोजना गरियो। सहारा फुटबल क्लबको सहयोगार्थ भएको त्यस खेल तथा च्यारिटी डिनर कार्यक्रममा बेलायतका लागि नेपाली राजदूत डा. सुरेशचन्द्र चालिसे तथा गैरआवासीय नेपाली संघ युकेका पदाधिकारीहरूको सहभागिता थियो।

गैरआवासीय नेपाली संघ जर्मनीले युवाहरूलाई एनआरएनए अभियानमा बढी उत्सुक र जागरुक बनाउन जर्मनीभरि छरिएर रहेका नेपाली युवाहरूबीच फुटबल प्रतियोगिता आयोजना गर्‍यो।

यस्तै मकाउमा भएको खुला कराँते प्रतियोगितामा गैरआवासीय नेपाली संघ मकाउका चारजना खेलाडीले पदक हासिल गर्न सफल भएका छन्। लोकमान श्रेष्ठ



८० केजी भन्दा माथिको तौल समूहमा दोस्रो र निरोज कर्माचार्य तेस्रो भएका छन्। त्यसैगरी ६७ केजी भन्दा तलको तौल समूहमा विक्रम मेचे तेस्रो र ६५ केजी भन्दा माथिको तौलमा शान्ति अधिकारी तेस्रो भएका छन् भने अधिकारी र राम कार्की फ्रान्समा हुने २१औं विश्व कराँते प्रतियोगिताका लागि छनोटमा परेका छन्।

यसैगरी अष्ट्रेलियामा जन्मेका दोस्रो पुस्ताका ११ वर्षीय प्रतीक नापितले अष्ट्रेलियाको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय स्तरको फुटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्ने भएका छन्। उनले आउँदो सेप्टेम्बरमा पोल्याण्डमा हुने १२ वर्ष मुनिका खेलाडीहरूको बीचमा पनि प्रतिस्पर्धा गर्दैछन्। ■

## जापानमा बाल चित्रकला

**गैरआवासीय** नेपाली संघ जापानले 'मेरो आँखामा मेरो नेपाल' शिर्षकमा बाल चित्रकला प्रतियोगिता आयोजना गर्‍यो। २६ जना बालबालिकाले सहभागिता जनाएको सो प्रतियोगितामा सुमिका तुलाचन प्रथम, कलश श्रेष्ठ द्वितीय, प्रसंग जिसी तृतीय र अनुभव लम्सालले सान्त्वना पुरस्कार प्राप्त गरे।

विजयी बालबालिकाहरूलाई जापानका लागि नेपाली राजदूत डा. मदनकुमार भट्टराईले नगद पुरस्कार वितरण गर्नुभएको थियो। कार्यक्रमकी



संयोजक डा. नम्रता पाण्डेको सभापतित्वमा भएको उक्त कार्यक्रममा सहभागी वक्ताहरूले यस्ता कार्यक्रमले नेपाल र गैरआवासीय नेपालीको अभियानमा नयाँ पुस्तालाई आकर्षण गर्न सहयोग पुग्ने बताएका थिए। ■

## अमेरिकी सेनामा नेपाली उत्कृष्ट

**अमेरिकी** सेनाको उत्कृष्ट सैनिक पुरस्कार यस वर्ष नेपाली सरल श्रेष्ठले पाउनुभएको छ। अमेरिकी सेनामा कार्यरत नेपालीले यसअघि यस्तो सम्मान पाएका थिएनन्। भर्जिनियाको फोटिलीमा भएको प्रतिस्पर्धामा बहादुरी र कौशलता देखाएपछि श्रेष्ठ 'वर्ष सैनिक २०१२' घोषित हुनुभएको हो। सेनाका उत्कृष्ट २४ सैनिक तथा अधिकृतहरूले शारीरिक सुगठन, सैन्य विषयको ज्ञान, राइफल निशाना, दिवा र रात्रि ब्यान्ड नेभिगेशन लगायत फौजी किसिमका प्रतिस्पर्धा चार दिन चलेको थियो।



उच्च शिक्षा हासिल गर्न २००६ मा अमेरिका पुग्नुभएका श्रेष्ठ २००९ मा अमेरिकी सेनामा प्रवेश गर्नु भएको हो।



## 'ओमानमा छिट्टै दूतावास'

**उपप्रधान** तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले ओमानमा नेपाली दूतावास स्थापनाको लागि मन्त्रिपरिषद्मा निर्णय गराउनको लागि पठाइसकेको र चाँडै नै त्यहाँ दूतावास स्थापना गरिने बताउनुभएको छ। दूतावास स्थापना र घरेलु महिला कामदारलाई व्यवस्थित गर्न मागसहितको ज्ञापनतपत्र बुझाउन गएको संघका महासचिव तेञ्जी शेर्पा नेतृत्वको प्रतिनिधिमण्डलसँग उपप्रधानमन्त्री श्रेष्ठले यस्तो आश्वासन दिनुभएको हो। एनआएन ओमान, नेपाली समाज ओमान, ओमान नेपाली एकता समाज र सगरमाथा समूह संस्थाहरूले संयुक्त रूपमा यो ज्ञापनपत्र बुझाएका हुन्। सो अवसरमा संघका सचिव टिवी कार्की, ओमानका सचिव दिपक खड्काका साथै वैदेशिक रोजगारसम्बन्धी सञ्चारकर्मीहरूको उपस्थिति थियो। ■

## आइएलओ प्रतिनिधि पाण्डेसँग छलफल

**गैरआवासीय** नेपाली संघ कतारले विगठित संविधानसभाकी सभासद् तथा अन्तर्राष्ट्रिय संगठन (आइएलओ) को गवर्निङ बडीकी डेपुटी मेम्बर बिन्दा पाण्डेसँग नेपाली श्रमिकको अवस्थाबारे छलफल गरेको छ। एनआरएन मध्यपूर्व संयोजक नरेन्द्र भाटको उपस्थिति र एनआरएन कतारका कार्यवाहक अध्यक्ष गुरुनारायण राणाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कतारका विभिन्न संघसंस्थाका प्रतिनिधीहरूले श्रमिकको अवस्था र आइएलओको भूमिका विषयमा आफ्नो धारणा र जिज्ञासा राखेका थिए। छलफलमा सदस्य पाण्डेले समस्याहरूलाई सम्बन्धित निकायमा पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो। ■

## साउदी अरबमा अन्तर्क्रिया र पीडित महिलालाई सहयोग

**नेपाली** दूतावास रियाद र गैरआवासीय नेपाली संघ साउदी अरबको संयुक्त आयोजनामा वैदेशिक रोजगारसम्बन्धी एक अन्तर्क्रिया सम्पन्न भयो। उक्त कार्यक्रममा श्रम तथा रोजगार मन्त्रालयका सचिव सोमलाल सुवेदी, वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराई, श्रम मन्त्रालयका सहसचिव विनोद केसी, लगायतको उपस्थिति थियो। अन्तर्क्रियामा सहभागी नेपाल सरकारका प्रतिनिधिहरू समक्ष एनआरएनए साउदी अरबका अध्यक्ष धरम केसीले ८ बुँदे सुझावपत्र प्रस्तुत गर्नुभएको थियो। यसैगरी नेपाली दूतावासमा सहयोगको लागि आएका तीन जना नेपाली महिलालाई एनआरएनए साउदी अरबले स्वदेश फिर्तीका लागि हवाइ टिकट सहयोग गरेको छ। उनीहरू भारतको बाटो हुँदै दलाल मार्फत साउदी आएका थिए। ■

## स्वर्गीय न्यौपानेप्रति श्रद्धाञ्जली



**गैरआवासीय** नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य एवं फ्रान्स समन्वय परिषद्का पूर्वअध्यक्ष अशोक न्यौपानेप्रति गैरआवासीय नेपाली संघले एक कार्यक्रम आयोजना गरी श्रद्धाञ्जली व्यक्त गरेको छ। फ्रान्समा आयोजित श्रद्धाञ्जली सभामा स्व. न्यौपानेका परिवारजन, फ्रान्सका लागि नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठ, अन्तर्राष्ट्रिय समन्वय परिषद् युरोपका संयोजक कुमार पन्त, आइसीसीका पूर्वसदस्य हरिहर अर्याल, संघका पदाधिकारी तथा सदस्यहरू लगायत गैरआवासीय नेपालीहरूको उपस्थिति थियो। अध्यक्ष निर्मल अर्यालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघका संथापक अध्यक्ष डा. उपेन्द्र महतो, संघका अध्यक्ष जीवा लामिछाने, नेपाल सरकारका पूर्वमन्त्री भीम रावल लगायत सयौं शुभ चिन्तकहरूले पत्रमार्फत श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो। न्यौपानेको दक्षिणी टापु कोर्सिकाको समुन्द्र तटमा दुर्घनामा परी २० सेप्टेम्बर २०१२ मा मृत्यु भएको थियो।

## साउदी र इटालीमा नेताहरूको स्वागत र अन्तर्क्रिया

**एनआरएन** साउदी अरवले पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग एक अन्तर्क्रिया कार्यक्रम गरी श्रमिकका समस्याका बारेमा ५ बुँदे ध्यानाकर्षण (अनुरोध) पत्र अध्यक्ष धरम केसीले पेश गर्नुभयो ।

त्यस्तै इन्टरपोलको ८१ औं महासभामा नेपालको प्रतिनिधित्व गर्दै उपप्रधान एवं गृहमन्त्री विजयकुमार गच्छदारको नेतृत्वमा आएको ८ सदस्यीय प्रतिनिधिमण्डललाई इटालीको राजधानी रोममा एनआरएन इटालीको आयोजनामा स्वागत तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा उपप्रधानमन्त्री गच्छदारलगायत नेपाल प्रहरीका महानिरीक्षक कुवेरसिंह राना, सशस्त्र प्रहरी बलका महानिरीक्षक कोषराज वन्त, नेपाल सरकारका उपसचिव डिल्ली पोखेल लगायतको उपस्थिति थियो । ■



## क्यानडामा एमाले वरिष्ठ नेता नेपालसँग अन्तर्क्रिया

**गैरआवासीय** नेपाली संघ क्यानडा तथा टोरोन्टोस्थित विभिन्न नेपाली संस्थाको संयुक्त आयोजनामा पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग देशको समसामयिक विषयमा अन्तर्क्रिया सम्पन्न भयो। कार्यक्रममा नेता नेपालले दोहोरो नागरिकता, नेपालको वर्तमान राजनीतिक अवस्था लगायत विषयहरूमा धारणा राख्नुभएको थियो । क्यानडाका लागि नेपाली राजदूत डा. भोजराज घिमिरेले नेपालप्रतिको माया-ममता जहाँ गए पनि रहिरहने बताउनुभयो। एनआरएनए आइसीसी सदस्य नवराज गुरुङले नेपालमा खुला विश्वविद्यालय स्थापना गर्न एनआरएन क्यानडाले खेलेको भूमिकाको बारेमा प्रकाश पार्नुभएको थियो । ■






## नेपाली संस्कृतिको प्रवर्द्धन

**एनआरएन** एनआरएन इजरायलले राजदूत प्रल्हादकुमार प्रसाईंको आतिथ्यमा हाइफा शहरमा दिपावली र एनआरएन दिवश मनायो। कार्यक्रममा राजदूत प्रसाईंले एनआरएन इजरायलले नेपाली कला, संस्कृतिलाई टेवा पुग्नेगरी विभिन्न किसिमका चाडवाडहरूमा आयोजना गरेका कार्यक्रमहरूको प्रशंसा गर्दै आउँदा दिनहरूमा पनि यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

एनआरएन आइसीसी सदस्य भगवती बस्नेतले यस्ता सांस्कृतिक कार्यक्रम मार्फत नेपालमा गरिने परोपकारी काममा सहयोग पुऱ्याउने गरी आर्थिक संकलन गर्न सकिने बताउनुभयो । त्यस्तै एनआरएन इजरायलका अध्यक्ष सुवास खरेलले इजरायलमा बसेका नेपालीहरूले देशमा लागि गरेको परोपकारी कामको प्रशंसा गर्नुभयो। यसअघि एनआरएन इजरायलले आयोजना गरेको तीजको कार्यक्रममा त्यहाँ कार्यरत नेपाली महिलाहरूले माइती गएको अनुभव गरेका थिए ।

उता नेपालका चिर्चित गायक र गायिका राजु गुरुङ तथा शर्मिला गुरुङले युएईका दर्शकहरूलाई तीजको अवसरमा युएइको दुवईमा मज्जैले नचाए ।

यसैगरी ब्रुनाईमा रहेका गैरआवासीय नेपालीहरूले यस वर्षको उधौली चाड भव्यतापूर्वक मनाएका छन्। एनआरइन ब्रुनाईका अध्यक्ष विश्वास दीप तिगेलाको संयोजनमा सम्पन्न कार्यक्रममा मौलिक संस्कृति नृत्य, च्याब्रुङ नाच, डोकेनी नाच र साकेलाशिली नाचेका थिए । प्रत्येक वर्षको मंसीर पूर्णिमाको दिनलाई उधौली चाडको रूपमा मनाइन्छ । ■

## गोर्खा सैनिकहरूको सम्झना

**एनआरएन** इटालीको आयोजनामा दोस्रो विश्वयुद्धको लडाइँमा इटालीमा सहादत प्राप्त गर्नुभएका गोर्खा सैनिकहरूको सम्झनामा रिमिनीस्थित समाधिस्थलमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरियो। एनआरएन इटालीका अध्यक्ष डा. अनिल भट्टराईको अध्यक्षता र इटालीका लागि नेपाली महावाणिज्यदूत पाओलो नुगारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा संघका बेलायत अध्यक्ष कुल आचार्य, बेल्जियमका आइसीसी सदस्य अर्जुनकुमार श्रेष्ठलगायत इटालीमा रहेका गैरआवासीय नेपालीहरूको उपस्थिति थियो।

यसैगरी प्रथम विश्वयुद्धको दौरान वेल्जियममा वीरगति प्राप्त गर्ने गोर्खा सैनिकहरूको सम्झनामा स्मारिका बनाउन वेल्जियमको स्थानीय सरकारले जग्गा प्रदान गरेको छ, जसमा त्यहाँस्थित नेपाली संघसंस्थाले स्मारिका निर्माण गर्ने तयारी गरेका छन् । त्यस्तै पूर्वगोर्खा सैनिकहरूको सहयोग र सक्रियतामा स्याङजाको साल्मेडाँडामा विभिन्न युद्धमा मारिएका ६० हजार गोरखाको सम्झनामा स्मारक निर्माण गरिदैछ । ■

## नर्वेमा नयाँ समिति



**गैरआवासीय** नेपाली संघ राष्ट्रिय समन्वय परिषद् नर्वेको तेस्रो महाधिवेशनले डा. सुरज थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । डा. विशाल सिटौलाको सभापतित्वमा भएको सो कार्यक्रमको उद्घाटन युरोप क्षेत्रीय संयोजक कुमार पन्तले गर्नुभएको थियो। कार्यक्रममा युरोप सहसंयोजक लक्ष्य गुरुङले एनआरएन स्थापनाको उद्देश्यवारे आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा सामुहिक लगानीका विषयमा छलफल भएको थियो । ■

## युगाण्डा, दक्षिण सुडान र तान्जानियामा पनि एनआरएनको सन्जाल

**तान्जानियामा** रहेका गैरआवासीय नेपालीहरूको एक भेलाले राष्ट्रिय समन्वय परिषद् गठन गरेको छ । यो गैरआवासीय नेपाली संघको ६४औं राष्ट्रिय समन्वय परिषद् हो। परिषद्को अध्यक्षमा भरत रिजाल चुनिनुभएको छ। यसअघि पूर्वी अफ्रिकी मुलुक युगाण्डा र दक्षिण सुडानमा राष्ट्रिय समन्वय परिषद् गठन भएको थियो । राष्ट्रिय समन्वय परिषद्को सुडान अध्यक्षमा विश्वास गौचन रहनुभएको छ भने युगाण्डाको अध्यक्षमा कुवेर कार्की चुनिनुभएको छ । ■

## संघका पदाधिकारी र सचिवहरूबीच छलफल

**नेपाल** सरकारका सचिवहरू र संघका पदाधिकारीहरूबीच सम्पन्न एक रात्रिभोजमा गैरआवासीय नेपालीहरूको सामुहिक लगानी, वैदेशिक रोजगार, नागरिकता निरन्तरता, संघ दर्ता लगायतका विषयमा छलफल भयो । त्यस समारोहमा नेपाल सरकारका मुख्यसचिव सहित प्रधानमन्त्री कार्यालय, गृह, अर्थ, श्रम तथा रोजगार, उर्जा, कृषि लगायतका मन्त्रालयका सचिवको सहभागिता रहेको थियो । त्यस्तै संघका तर्फबाट अध्यक्ष सहित, महासचिव, युरोपका क्षेत्रीय संयोजक, अमेरिकाका उपक्षेत्रीय संयोजक र संघका कार्यकारी निर्देशकको सहभागिता रहेको थियो । ■



## एनआरएन जापानद्वारा पुष्पा र दिलशोभालाई आर्थिक सहयोग

**एनआरएन** जापानले पुष्पा बस्नेत र दिलशोभा श्रेष्ठको परोपकारी कामलाई एक-एक लाख आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । राष्ट्रिय समन्वय समिति जापानको साधारणसभाले यस्तो सहयोगको घोषणा गरेको हो ।'सामूहिक लगानी समृद्ध नेपाल, क्षेत्रीय सहभागिता हाम्रो अभियान' भन्ने नारासहित आयोजना गरिएको साधारणसभामा जापानस्थित नेपाली राजदूत डा. मदनकुमार भट्टराई र एनआरएनका प्रमुख संरक्षक देवमान हिराचनले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो । एनआरएन जापानका अध्यक्ष होम गुरुङले अध्यक्षता गर्नुभएको कार्यक्रममा नेपाली दूतावासका उपनियोग प्रमुख तपस अधिकारी, आइसीसी कोषाध्यक्ष भवन भट्ट आइसीसी एसिया प्रशान्त उपसंयोजक किरण विक्रम थापा, सदस्यहरू डा. सुदीप अधिकारी, रोविन्द श्रेष्ठ, रोशन केसी, संयुक्त लगानी समितिका सह संयोजक महेश कुमार लगायतको उपस्थिति थियो। एनआरएनका प्रतिनिधिले जलविधुत्मा गर्न लागिएको सामूहिक लगानीमा केन्द्रित भएर भनाइ राख्नुभएको थियो । ■

## प्रवासी म्याग्देली गाउँमा मोटरबाटो बनाउन खटे

**प्रवासी** म्याग्देली आफ्नो जन्मगाँउ बेगखोलामा मोटरबाटो निर्माणका लागि आर्थिक सहयोग जुटाउने अभियानमा लागेका छन्। मोटरबाटोका लागि बेलायतमा मात्रै करिब ७१ लाख रुपैयाँ संकलन भइसकेको र रकम संकलन हुने क्रम जारी रहेको बताइएको छ। सहयोगका लागि बेगखोला कल्याणकारी समाजले आयोजना गरेको च्यारिटी कार्यक्रममा चर्चित अभिनेत्री जोअन्ना लुम्ले, हन्स्लो बरोका पूर्वमेयर पाउल लुइन्चसहित एनआरएन र बेलायतका विभिन्न संघ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । ■





## संघ दर्ताको प्रक्रिया शुरू

**गैरआवासीय** नेपाली सल्लाहकार समितिको दोस्रो बैठक अक्टुबर १५ मा काठमाडौंमा बस्यो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दिपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा बसेको सल्लाहकार समूहको बैठकमा गैरआवासीय नेपाली संघको दर्ता प्रक्रियाका विषयमा छलफल भएको थियो । बैठकमा आयोगका उपाध्यक्ष क्षेत्री, कानून तथा न्याय मन्त्रालयका सचिव भेषराज शर्मा, अर्थमन्त्रालयका कायममुकायम सचिव शान्तराज सुवेदी, सहसचिव राजन खनाल, उद्योग मन्त्रालयका कायममुकायम सचिव लक्ष्मण भट्टराई, परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अर्जुनबहादुर थापा, चीप अफ प्रोटोकल डा. निराजनमानसिंह बस्नेत, उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्य, गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछाने, उपाध्यक्ष रामेश्वर शाह, परराष्ट्र मन्त्रालयका उपसचिव रामबाबु ढकाल र उद्योग वाणिज्य महासंघका महानिर्देशक डा. हेमन्त दवाडीको बैठकमा सहभागिता थियो। बैठकमा संघका अध्यक्ष लामिछानेले सिड्नी क्षेत्रीय सम्मेलनमा भएको छलफलअनुसार गैरआवासीय नेपाली संघको विधान संसोधनका विषयमा जानकारी गराउनुभएको थियो ।

सल्लाहाकार समितिका सदस्यहरू गैरआवासीय नेपाली संघको दर्ता प्रक्रियामा सकारात्मक देखिएका छन् । कानून तथा न्याय मन्त्रालयका सचिव भेषराज शर्माले विद्यमान कानूनभित्र रहेर दर्ता प्रक्रियाको बाटो पहिल्याउन सकिने प्रस्ताव गर्ने र त्यसको सम्भावनाका विषयमा अर्को बैठकमा छलफल गर्ने निर्णय भएको सल्लाहकार समितिका सदस्य तथा संघका अध्यक्ष लामिछानेले जानकारी दिनुभयो। जस अनुरुप गत मंसीर १८ गते संघका उपाध्यक्ष रामेश्वर शाहको नेतृत्वमा गएको टोलीले दर्ताको लागि परराष्ट्र मन्त्रालयमा निवेदन बुझएको छ । उपाध्यक्ष शाहका अनुसार निवेदनप्रति मन्त्रालय सकारात्मक रहेको छ । ■

## चितवनमा चेपाङ छात्राबास

**गैरआवासीय** नेपाली संघको सहयोगमा चितवनको पिठुवा गाविसमा रहेको विन्ध्येश्वरी निम्न माध्यमिक विद्यालयमा चेपाङ छात्रावास निर्माण गरिने भएको छ। 'गामबेसीको चेपाङ घर' नामकरण गरिएको छात्राबासको संघका अध्यक्ष जीवा लामिछानेले शिलान्यास गर्नुभयो। २५ जना चेपाङ बालबालिकालाई एउटै कक्षामा राखेर पढाउनुपरेको थाहा पाएपछि एनआरएनले छुट्टै भवन निर्माण गर्न आर्थिक सहयोग गरेको हो। भवन निर्माणका लागि विभिन्न देशमा रहेका गैरआवासीय नेपालीहरूले सहयोग गर्ने भएका छन्। १० लाख रुपैयाँको आर्थिक सहयोगपछि भवन निर्माण शुरू गरिएको छ। अध्यक्ष लामिछानेले भवन निर्माणको काम तत्काल शुरू गर्न ७ लाख ५० हजार रुपैयाँको चेक विद्यालयलाई हस्तान्तरण गर्नुभएको थियो । अध्यक्ष लामिछानेले विदेशमा रहेका नेपालीले आफ्नो जन्मभूमिलाई माया गर्ने भएकोले यस्ता सामाजिक काममा सहयोग गर्ने बताउनुभयो । "कोठाको अभावमा सबै विद्यार्थीलाई एउटै कोठामा राख्न बाध्य थियौं", विद्यालयका प्रधानाध्यापक भीमप्रसाद खनालले भन्नुभयो, "विदेशमा रहेका नेपालीहरूको सहयोगले विद्यार्थीले राम्रो आवास सुविधासहित पढ्न पाउने भए ।" उक्त भवन निर्माणका लागि हिक्मत थापाको संयोजकत्वमा एनआरएन नाइजेरिया, साउदी अबर, अध्यक्ष जीवा लामिछाने लगायतका विभिन्न देशमा रहेका गैरआवासीय नेपालीहरुले सहयोग गरेका छन् । ■

## एनसीसी स्पेनद्वारा विद्युतीय शैक्षिक सामग्री हस्तान्तरण



**राष्ट्रिय** समन्वय परिषद् स्पेन र भेरासोल हाउजिङ कम्पनीको सहयोगमा पर्वत र कास्की जिल्लाका विद्यालयहरूमा ४ लाख रुपैयाँ बराबरको विद्युतीय शैक्षिक सामग्री वितरण गरेको छ। जिल्ला विकास समितिका पूर्वसभापति गणेश तिमिल्सिना, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, विभिन्न राजनीतिक दलका स्थानीय नेतासहितको उपस्थितिमा पर्वतको कुस्मामा आयोजित कार्यक्रममा आइसीसी सदस्य पुष्पराज तिमिल्सिनाले कम्प्युटर, फोटोकपी मेशिन र मल्टिमिडिया साउण्ड सिष्टम लगायतका सामाग्रीहरू हस्तान्तरण गर्नुभएको थियो । ■

# २०११–२०१२ मा एनआरएनद्वारा सम्पन्न परोपकारी परियोजना

## NCC CHARITY PROJECTS

| NRNA NCC | SECTOR | LOCATION | BUDGET NRP |
|---|---|---|---|
| Bahrain | Social welfare | Kathmandu | 100,000.00 |
| Belarussia | relief work | Sarlahi | 1,500,000.00 |
| Belgium | Social welfare | Chitwan | 2,406,542.00 |
| Canada | Social welfare, Education | Surkhet, Kaski | 2,675,995.00 |
| China | Relief work | Kaski, Sirah, Sarlahi | 181,000.00 |
| Denmark | Relief work, Education, Social Welfare | Terai, Kaski, Sarlahi, Lamjung, Deupuri, Kathmandu, Chitwan | 310,438.00 |
| Finland | Education | Taplejung | 200,000.00 |
| France | relief work | Kaski, Sarlahi | 51,777.00 |
| Germany | Social welfar, Relief Work, Education, Health | Kathmandu, Dang, Kaski, Humla, Myagdi | 802,669.00 |
| Hong Kong | Health, Social welfare | Kaski, Lalitpur | 600,000.00 |
| Israel | Social welfare | Sindhuli, Rolpa | 200,000.00 |
| Italy | Education, Health | Kathmandu, Kritipur | 1,434,702.00 |
| Japan | Social welfare, Relief Work, Education, Health | Chitwan, Kaski, Baglung | 827,315.00 |
| Kenya | Social welfare | Syangja | 70,000.00 |
| Korea | Social welfare, Education | Jhapa, Dhading | 1,539,600.00 |
| Kuwait | relief work | Kaski, Sarlahi | 125,000.00 |
| Lebanon | relief work | Kaski, Siraha | 100,66.00 |
| Macau | relief work | Kaski, Sarlahi | 81,000.00 |
| Malaysia | Education, Culture | | 171,721.00 |
| Netherlands | Education, relief work, Social Welfare Health | Kaski, Baglung, Rolpa | 331,912.00 |
| New Zealand | Relief work, Education | Kaski, Parbat | 658,775.00 |
| Nigeria | Education, Relief Work | Khotang, Kaski, Sarlahi, Pithuwan,Chitwan | 740,350.00 |
| Norway | Education, Social Welfare | Kapilvastu, Kathmandu | 460,000.00 |
| Poland | Education | Pokhara | 178,000.00 |
| Qatar | relief work | Kaski, Sarlahi | 190,784.00 |
| Russia | Education, Social Welfare, Relief Work | Simara, Sarlahi, Kathmandu, Kaski, Bhakatapur, Chitwan | 1,734,770.00 |
| Saudi Arabia | Education, relief Work | Pithuwa, Chitwan, Myagdi | 232,852.00 |
| Spain | Education | Kaski, Parbat | 400,000.00 |
| Switzerland | Health, Social Welfare | Siraha, Dharan, Itahari, Sagarmatha | 3,077,490.00 |
| Thailand | Education | Lumbini, Bagmati, Gandaki Dhaulagiri, Sagarmatha | 100,000.00 |
| UAE | relief work | Sarlahi | 80,000.00 |
| UK | Social welfare, Healrh | | 2,460,840.00 |
| USA | social welfare, Health | Kathmandu | 701,500.00 |
| **Total** | | | **24,525,098.00** |



## PROJECTS INITIATED BY INDIVIDUALS AND ORGANIZATIONS

| NAME | SECTOR | LOCATION | BUDGET, NRP |
|---|---|---|---|
| Ajjijur Rahman | Education | Dhaturgadh, Kapilvastu | 500,000.00 |
| Badri KC | Education | Pharping, Kathmandu | 41,000.00 |
| Bhuwani Gurung | Health | Lamjung | 100,000.00 |
| Dilli Kharel Suman | Education | Gulmi | 37,000.00 |
| Ek Narayan Chapagain | Education | Setibeni, Syanja | 52,000.00 |
| Hem Raj Sharma | Education | Amrit campus, Kathmandu | 2,500,000.00 |
| Hikmat Thapa | Education | Khairifata, Kailali | 100,000.00 |
| Hotel Hoechster Hof | Social welfare | Kathmandu | 18,000.00 |
| Jiba Lamichane | Education, health, social welfare | Dhulikhel (spinal Hospital), Chitwan | 826,000.00 |
| Kapil Dev Thapa | Water supply, social welfare, Education, social welfare | Danusha, Makawanpur, Chitwan, Bhaktapur, Kathmandu | 6,190,000.00 |
| Kiran & Durga Khadka | Education | Dadhikot, Bhaktapur | 1,000,000.00 |
| Krishna Pandey | Education | Agharkachi | 1,000,000.00 |
| Kiran Thapa | Education | Chitwan | 300,000.00 |
| Kumar panta | Social welfare | Chitwan | 100,000.00 |
| Liladhar Kandel | Social welfare | Baglung | 2,000,000.00 |
| Mitra Lal Parday | Education | Sunpur | 20,000.00 |
| Mohan Mishra | Education | Sunderbazar, Lamjung | 15,000.00 |
| MONA UK | Health | Myagdi | 5,000,000.00 |
| Nepali Nari Nikunj , Moscow | Social welfare | Devghat, Chitwan | 30,000.00 |
| Pradeep Dhakal | Education | Morang | 2,500,000.00 |
| Pushkar Thapa | Education | Lalitpur | 500,000.00 |
| Radha Basnyat | Social welfare | Kathmandu | 85,000.00 |
| Rajan Kunwar | Social welfare, education | | 120,000.00 |
| Ram Babu Nepal | Social welfare | Devghat | 10,000.00 |
| Ram Kharel | Education | Kathmandu, Biratnagar | 250,000.00 |
| Ram Thapa | Social welfare | Devghat, Chitwan | 25,000.00 |
| Ranjana Udas, Ramesh Shrestha | Education | Bhojpur | 650,000.00 |
| Som Sapkota | Education, social welfare | Bharatpur, Chitwan, Tanahun | 162,262.00 |
| T.B.Karki | Education | Morang | 350,000.00 |
| Tenzi Sherpa | Social welfare | | 65,000.00 |
| Yem Gurung | Education | Lamjung | 80,000.00 |
| | Education | Kathmandu | 19,000.00 |
| | Support to orphans | Kathmandu | 25,000.00 |
| | Support to Red Cross Society | Kathmandu | 25,000.00 |
| | Nepal Library Foundation | | 140,000.00 |
| | | | **24,835,262.00** |

चिनारी



ऋषि आचार्य

# अष्ट्रेलियामा फैलँदै नेपाली

अष्ट्रेलिया प्रवेशको मात्र चार दशक लामो इतिहास भए पनि नेपालीहरू तीब्र वृद्धि र विकास भएको समुदायको रूपमा स्थापित भएका छन्। नेपालीहरूले प्रायः सबै राज्य र टेरिटोरीका मुख्य तथा रिजनल शहरहरूमा उपस्थिति देखाएका छन्। तथ्यांक अनुसार अष्ट्रेलियामा बसाबास गर्ने नेपालीको संख्या २६ हजार बढी छ, यो संख्या व्यवस्थित परिवारको मात्र हो। विद्यार्थीको रूपमा रहेकाको संख्या जोड्दा झण्डै ७० हजार नेपाली पुग्छन्। अष्ट्रेलियाको केन्द्र तथा राज्य सरकारले नेपालीलाई नयाँ तर तीब्र वृद्धि भइरहेको सीपयुक्त जनशक्तिको रूपमा वर्गीकरण गरेको छ।

### जरो गाड्दै संस्कृति र नेपाली उत्पादन

सिड्नी, मेलबर्न लगायतका शहरमा हप्तैपिच्छे नेपाली सिनेमा रिलिज हुन्छन्। नेपालीका स्वामित्वमा सञ्चालित रेष्टुरेण्टहरूमा दालभात, म:म, फापरको ढिंडो र आलु-बोडी-तामा पाक्नु सामान्य जस्तै छ। गजलदेखि रोधीहरू पनि यी रेष्टुरेण्टमा बज्छन्। मिस्टर एण्ड मिस अष्ट्रेलिया नेपालजस्ता कार्यक्रम आयोजना गरिन्छ। दशैं-तिहार मात्र होइन, प्रत्येक जाति र धार्मिक समूहका चाडपर्व यहाँ उत्तिकै महत्वका साथ मनाइन्छ। उत्तरका मरुभूमिका नेपाली वस्तीमा ल्होछार, उभौली, छठ, तीज र दशैं-तिहार मनाइन्छ। सांस्कृतिक महोत्सव, सांगीतिक कार्यक्रमहरू, कवि गोष्ठी, गजल सन्ध्या, नृत्य प्रतियोगिताहरूले नेपाली साहित्यिक माहोल दिँदैआएको छ। शहरैपिच्छे नेपाली परम्परा, भाषा र संस्कृति सिकाउने पाठशाला छन्। तास्मानियाका टापुहरूमा मन्दिर बन्दैछन्। स्थानीयदेखि केन्द्र सरकारसम्मले आयोजना गरेका कार्यक्रमहरूमा नेपाली बाजा र गीत घन्कन्छन्।



सिड्नीका नेपाली ग्रोसरी पसलहरूमा गुन्द्रुक, मस्यौरा, जिम्बु र हिङसम्म पाइन्छ। नेपाली उत्पादनलाई भित्र्याउन खुलेका कम्पनीले खाद्यान्नका अतिरिक्त नेपाली हस्तकलाका सामान, तयारी पोशाक र जडिबुटीहरू अष्ट्रेलिया ल्याइरहेका छन्। साथै नेपाली गलैंचा, पस्मिना, मूर्ति, चाँदीका भाँडाकुडा लगायतका हस्तकलाका सामान अष्ट्रेलियाभर लोकप्रिय हुँदैछन्।

### व्यापार व्यवसायमा फड्को

पेशा, व्यवसायमा पनि नेपालीहरू अष्ट्रेलियाभर जमिरहेका छन्। त्यसको नमूना मान्न सकिन्छ, डार्विनमा भर्खरै खुलेको नेपाली ग्रोसरी। खुद्रा व्यापारदेखि सेवाको क्षेत्रमा नेपालीको व्यवसाय केन्द्रित छ। ग्रोसरी, रेष्टुरेण्ट, मोबाइल पसल, मनी ट्रान्सफर, शैक्षिक परामर्श हुँदै अहिले नेपालीले घर जग्गा, बैंक र कृषि फार्म समेतमा लगानी गरेका छन्। अष्ट्रेलियाका दुई सयजना धनीभित्र परेका शेष घलेले विदेशी भूमिमा पनि नेपाली व्यवसायको उच्चतम नमूना प्रस्तुत गरेका छन्।

### प्राज्ञिक क्षेत्रमा जम्दै

अष्ट्रेलियाका दर्जनौं विश्वविद्यायमा नेपाली प्रध्यापकहरू छन्। अष्ट्रेलियाकै वैज्ञानिक अनुसन्धान गर्ने संस्था सिएसआइआरओमा आधा दर्जन भन्दा बढी नेपाली वैज्ञानिकहरूले सामाजिक, औद्योगिक, सूचना प्रविधि, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा अनुसन्धान गरिरहेका छन्। संघीय मन्त्रालयको उच्च पदमा पुगेका दर्जनौं नेपालीहरूले नेपाली समुदायको पहिचानलाई मजबुत बनाएका छन्। झण्डै ३५ वर्षअघि अष्ट्रेलिया आउनुभएकी इन्द्रा वन अष्ट्रेलियन सरकारले दिने उच्च पद्वी 'अर्डर अफ अष्ट्रेलिया' बाट सम्मनित हुने पहिलो नेपाली हुनुहुन्छ।

त्यस्तै अष्ट्रेलियाको सेनामा मात्रै दुई दर्जन भन्दा बढी नेपालीले प्रवेश पाइसकेका छन्। डाक्टर, इन्जिनियर, नर्स, आइटी, एकाउन्टेन, सेफ र मार्केटिङ जस्ता दक्ष सीप भएको जनशक्तिको रूपमा नेपालीको पहिचान बन्दै छ।

### एनआरएन आष्ट्रेलियाको भूमिका

अष्ट्रेलियको सिड्नीस्थित एसफिल्ड पार्कमा ३०-३५ जना नेपाली भेला भएर गठन भएको एनआरएन अहिले अष्ट्रेलियाको आठवटै राज्यमा विस्तार भएको छ। स्थापनाको ८ वर्ष पुग्नै लागेको एनआरएन अष्ट्रेलियाको ६ हजार भन्दा बढी रजिस्टर सदस्यहरू रहेका छन् भने यहाँका सबै राज्यहरूमा कार्यसमितिहरू बनिसकेका छन्। सांगठनिक संरचनाको आधारमा यो अष्ट्रेलियाको सबैभन्दा ठूलो नेपाली संस्था हो। केही महिनाअघि मात्र संघले एनआरएनको सातौं क्षेत्रीय सम्मेलन सफलतापूर्वक आयोजना गरेको छ भने सेप्टेम्बरमा आयोजना भएको नेपाल फेष्टिभलमा २० हजार भन्दाबढी नेपाली सहभागी भएका थिए। एनआरएन अष्ट्रेलियाले सामाजिक क्षेत्रबाट नेपालमा लगानीको शुभारम्भ पनि गरेको छ। यो लगानी नाफाभन्दा पनि मातृभूमिको माया र नागरिक कर्तव्यको अंश बढी रहेको छ। यसै वर्ष सिड्नीमा आयोजित महायज्ञबाट लोक कल्याणकारी काम गर्न र सामाजिक कल्याण कोषका लागि एक लाख पचास हजार डलर बराबरको अर्थ संकलन त्यसको गतिलो उदाहरण हो। ■

*(आचार्य एनआरएन आइसीसी मिडिया कार्यदलका सदस्य हुन्)*

## गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पछिल्ला गतिविधि

**अगष्ट ३० देखि सेप्टेम्बर १ः** अष्ट्रेलियाको सिड्नीमा सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन सम्पन्न।

**सेप्टेम्बर ५ः** सिंगापुरमा गैरआवासीय नेपाली संघ सिंगापुरको आयोजना र गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेको प्रमुख आतिथ्यतामा सामूहिक लगानीसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

**सेप्टेम्बर १४ः** नेपाल सरकारको अनुरोधमा दुवईमा मृत्युदण्डको सजाय सुनाइएका दुर्गाबहादुर सुनारलाई बचाउनको लागि क्षतिपूर्ति सहयोग स्वरूप २ लाख रूपैयाँ सहयोग।

**सेप्टेम्बर १५ः** फिनल्याण्डमा गैरआवासीय नेपाली संघ फिनल्याण्डको आयोजना र गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेको प्रमुख आतिथ्यतामा सामूहिक लागानीसम्बन्धी अन्तर्क्रिया सम्पन्न।

**सेप्टेम्बर १७ः** युगाण्डामा गैरआवासीय नेपाली संघको ६२औं राष्ट्रिय समन्वय परिषद् गठन।

**सेप्टेम्बर २२ः** गैरआवासीय नेपाली संघ पदाधिकारी समितिको चौथो बैठक सम्पन्न। मुख्यतयाः गैरआवासीय नेपाली दिवस- २०११, परोपकारी परियोजना, सामूहिक लगानी, संघको दर्ता र अन्य समसामयिक विषयमा छलफल।

**सेप्टेम्बर २३ः** गैरआवासीय नेपाली संघ युकेले नेपालका पहिलो ओलम्पियन स्व. भुपेन्द्र सिलवाललाई ४ लाख ११ हजार ८ सय चालिस रूपैयाँ सहयोग। रकम हस्तान्तरण संघका उपाध्यक्ष रामेश्वर शाहले काठमाडौंमा गर्नुभएको थियो।

**सेप्टेम्बर २३ः** दक्षिण सुडानमा गैरआवासीय नेपाली संघको ६३औं राष्ट्रिय समन्वय परिषद् गठन।

**सेप्टेम्बर २४ः** गैरआवासीय नेपालीहरूको मतदानसम्बन्धी व्यवस्थाबारे निर्वाचन आयोगमा बैठक। छलफलमा संघका तर्फबाट कार्यकारी निर्देशकको सहभागिता।

**सेप्टेम्बर २७ः** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न ३३औं विश्व पर्यटन दिवस कार्यक्रममा संघका महासचिव र कार्यकारी निर्देशकको सहभागिता।

**अक्टुबर १०ः** तान्जानियामा गैरआवासीय नेपाली संघको ६४औं राष्ट्रिय समन्वय परिषद् गठन।

**अक्टुबर ११ः** सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा काठमाडौंमा गैरआवासीय नेपाली दिवस सम्पन्न।

**अक्टुबर १४ः** राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एनआरएन सल्लाहकार बोर्डको दोस्रो बैठक सम्पन्न। गैरआवासीय नेपाली संघका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षलगायत अन्य बोर्डका सदस्यहरूको सहभागिता।

**अक्टुबर २०ः** शनिबारका दिन नेपाल सरकारका सचिवहरू र संघका पदाधिकारीहरूबीच रात्रिभोज सम्पन्न।

**नोभेम्बर ३०ः** एनआरएन इन्भेष्टमेन्ट कम्पनीको लागि संयुक्त लगानी संकलनका लागि समय सीमा १ जनवरी २०१३ सम्म थप्ने निर्णय।